# उच्च शिक्षा नीतिको प्रस्तावना

विश्वविद्यालय अनुदान आयोग
सानोठिमी, भक्तपुर
२०७०

# प्राक्कथन

नेपालमा उच्च शिक्षा संस्थाहरूको स्थापना र तिनका पठन-पाठन सम्बन्धी कार्यक्रमहरूको विकास एवम् विद्यार्थी भर्ना द्रुत गतिले बढ्दै आएको छ । यो उच्च शिक्षा विकासको महत्त्वपूर्ण अभिलक्षण हो । यद्यपि यस सँगसँगै उच्च शिक्षा संस्थाको सञ्चालन संवर्द्धन र शैक्षिक कार्यक्रमहरूको गुणस्तर सम्बन्धमा अनेक समस्या र चुनौतीहरू पनि थपिएका छन् । धेरैजसो शैक्षिक संस्थाहरूमा न्यूनतम भौतिक र शैक्षिक पूर्वाधार पनि उपलब्ध हुन सकेका छैनन् । योग्य, क्रियाशील एवम् लगनशील शिक्षकहरूको परिपूर्ति अझै ठूलो चुनौतीको विषय बनेको छ । शैक्षिक व्यवस्थापनलाई प्रभावकारी एवम् सुव्यवस्थित बनाउन नीतिगत एवम् संरचना र कार्यक्रमगत समस्याहरू छन् । शैक्षिक कार्यतालिका अनुसार विद्यार्थी भर्ना, शैक्षिक सत्रको थालनी, परीक्षा सञ्चालन, नतिजा प्रकाशन जस्ता महत्त्वपूर्ण कार्यहरू समयमा नै सम्पन्न हुन नसकेका कारणले राष्ट्रिय लगानी र विद्यार्थी-अभिभावकको व्यक्तिगत लगानीको पनि अपव्यय भएको छ । विद्यार्थी भर्नामा अनेक विसङ्गति देखिएका छन् । लगानी, दिगोपन एवम् अन्य संस्थामा पर्न सक्ने प्रभाव जस्ता विषयमा आवश्यक छानबिन नगरी विश्वविद्यालयहरूका सम्बन्धनमा उच्च शिक्षाका विभिन्न संस्थाहरू खोलिँदा संस्थागत दिगोपना र स्रोत व्यवस्थापनमा दोहोरोपन जस्ता ज्वलन्त समस्या अगाडि आएका छन् ।

आजको विश्वमा उच्च शिक्षा प्रतिस्पर्धामा आधारित छ । हाम्रो समाजले पनि गुणस्तरीय शिक्षाको चाहना अनुसार भरसक देशका महँगा शैक्षिक संस्थाहरूमा आफ्ना सन्ततिहरूलाई पढाउँदै आएको छ । उच्च गुणस्तर र कामको अवसरका लागि विद्यार्थीहरू अरू देशमा पढ्न जाने लहर नै चलेको छ । यस सन्दर्भमा देशभित्र स्थापना भएका र हुने क्रममा रहेका शैक्षिक संस्थाहरूमा गुणस्तर सुनिश्चित गर्न आवश्यक छ । उच्च शिक्षामा गुणस्तरीयता एवम् अद्यावधिकता कायम गर्न नयाँ नयाँ शैक्षिक कार्यक्रमहरूको संयोजन, सञ्चालन, अनुसन्धान एवम् नवप्रवर्तनका कार्यहरू र तदनुरूप प्राध्यापक वर्गको प्राज्ञिक उन्नयन तथा पेसागत क्षमता बढ्दै जानु जरुरी छ । यी सबैका लागि आवश्यक स्वस्थ प्राज्ञिक वातावरण तथा शैक्षिक सुशासन कायम गर्न सुस्पष्ट उच्च शिक्षा नीति तथा त्यसको कार्यान्वयनको प्रणाली स्थापित हुनु जरुरी छ ।

उच्च शिक्षाको विकासका लागि सरकारको सक्रियता, स्रोत र साधनको परिचालन एवम् आर्थिक दायित्व महत्त्वपूर्ण पक्ष हुन् । त्यस्तै निजी वा सामुदायिक सक्रियता एवम् स्रोत-साधनको परिचालन पनि त्यत्तिकै महत्त्वपूर्ण छन् । सरोकारवाला सबैको साझेदारीमा नै उच्च शिक्षाको अवस्था अझ

प्रभावकारी एवम् लाभदायी हुने कुरा निर्विवाद छ । यसका लागि युगानुकूल, स्पष्ट एवम् पारदर्शी नीति निर्माण र कार्यान्वयनको आवश्यकता छ ।

यिनै विविध समस्या र चुनौतीहरूलाई ध्यानमा राखी देशका उच्च शिक्षा संस्थाहरू एवम् प्राज्ञिक वर्गको परिचालनको संयोजनकारी भूमिका खेल्नुपर्ने दायित्व मुताबिक विश्वविद्यालय अनुदान आयोगले शिक्षा मन्त्रालयको अनुरोध समेतलाई हृदयङ्गम गरी उच्च शिक्षा नीतिको यो प्रस्ताव तयार गरेको छ । यो प्रस्ताव तयारीका लागि सरकारी तथा गैर सरकारी निकाय, विश्वविद्यालयहरू लगायत विविध सरोकारवाला संस्था तथा व्यक्तित्वहरूको प्रतिनिधित्व सहितको बाइस सदस्यीय नीति निर्माण समिति र त्यसका मातहतमा सम्बद्ध क्षेत्रका विशेषज्ञ विद्वान्हरू सम्मिलित भएका पाँचवटा विषयगत कार्यदलहरू र कार्यदलहरूको प्रतिवेदनलाई संयोजन गर्ने संयोजन समिति गठन र परिचालन गरिएको थियो । सो समितिमा रही उच्च शिक्षाको नीति निर्माणमा आफ्नो विज्ञता, समय र परिश्रम खर्च गर्नु हुने विद्वत्वर्गमा विश्वविद्यालय अनुदान आयोगका तर्फबाट आभार व्यक्त गर्न चाहन्छु । उच्च शिक्षा नीति सबैको साझा नीति बनोस् भन्ने भावनालाई ध्यानमा राखी विश्वविद्यालय अनुदान आयोगले आयोजना गरेका राष्ट्रिय, क्षेत्रीय तथा सरोकारवाला समूहसँगको अन्तरक्रियामा सहभागी सम्पूर्ण व्यक्ति तथा समुदायलाई पनि धन्यवाद दिन चाहन्छु । यस प्रस्तावलाई यस रूपमा तयार गर्न अथक परिश्रम गर्ने विश्वविद्यालय अनुदान आयोगका प्राविधिक सल्लाहकार प्रा. डा. हृदयरत्न बज्राचार्य तथा उहाँलाई सहयोग गर्ने आयोगका सम्पूर्ण कर्मचारी वर्गलाई पनि धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा नीति निर्माण समितिहरूको सिफारिसमा अनुदान आयोगका तर्फबाट यो प्रस्ताव आवश्यक कार्यार्थ शिक्षा मन्त्रालयमा पेस गरिएको छ । यसमा प्रस्तावित उच्च शिक्षा नीतिको अवलम्बन र कार्यान्वयनबाट देशको उच्च शिक्षामा सामयिक सुधार एवम् शैक्षिक विकासका लागि सहयोग पुग्ने कुरामा विश्वविद्यालय अनुदान आयोग विश्वस्त छ ।

मिति
२०७०/१२/२१

भोलानाथ पोखरेल
निमित्त अध्यक्ष/सदस्य सचिव
विश्वविद्यालय अनुदान आयोग ।

# विषय सूची


१. उच्च शिक्षाको सन्दर्भ र नीति १

**१.१ पृष्ठभूमि १**

**१.२ उच्च शिक्षाको विकासमा देखिएका समस्या तथा चुनौतीहरू २**

**१.३ प्रस्तावित उच्च शिक्षा नीतिको कार्यान्वयनबाट गरिएका अपेक्षा ३**

**१.४ उच्च शिक्षा नीतिको प्रस्ताव तर्जुमा गर्न अँगालिएको प्रक्रिया ४**

२. प्रस्तावित उच्च शिक्षा नीति ६

३. उच्च शिक्षा रणनीति ८

**३.१ राष्ट्रिय आवश्यकता अनुकूल उच्च शिक्षाको दिशानिर्देश ८**

३.१.१ समस्या तथा चुनौतीहरू ८

३.१.२ समस्या समाधानका लागि नीतिगत प्रस्ताव ९

**३.२ उच्च शिक्षा संस्थाहरूको स्थापना तथा सुदृढीकरण ११**

३.२.१ समस्या तथा चुनौतीहरू ११

३.२.२ समस्या समाधानका लागि नीतिगत प्रस्ताव ११

**३.३ स्वदेशी तथा विदेशी विश्वविद्यालयहरूका सम्बन्धनमा सञ्चालित उच्च शिक्षा संस्थाहरूको नियमन १२**

३.३.१ समस्या तथा चुनौतीहरू १२

३.३.२ समस्या समाधानका लागि नीतिगत प्रस्ताव १४

**३.४ उच्च शिक्षामा गुणस्तरको सुनिश्चितता १६**

३.४.१ समस्या तथा चुनौतीहरू १६

३.४.२ समस्या समाधानका लागि नीतिगत प्रस्ताव १७

**३.५ उच्च शिक्षामा लगानी तथा आर्थिक नियमन सम्बन्धी नीति १९**

३.५.१ समस्या तथा चुनौतीहरू १९

३.५.२ वित्तीय स्रोतका कारण उच्च शिक्षा संस्थामा देखिएका समस्याहरू २१

३.५.३ समस्या समाधानका लागि नीतिगत प्रस्ताव २३

३.५.४ प्रस्तावित कार्यनीति २४

४. उच्च शिक्षा नीतिको तर्जुमा एवम् कार्यान्वयनका लागि प्रस्तावित संस्थागत संरचना २६

५. उच्च शिक्षा नीतिको कार्यान्वयका आधारहरू २८

६. कार्यक्रमिक रणनीति २९

**६.१ लघु योजना तथा कार्यक्रम २९**

**६.२ मध्यम योजना तथा कार्यक्रम २९**

**६.३ दूरगामी सोच तथा योजना ३०**

७. सन्दर्भ सामग्री ३१

# एक

# उच्च शिक्षाको सन्दर्भ र नीति

## १.१ पृष्ठभूमि

गुणस्तरयुक्त शिक्षामा पहुँच सुनिश्चित गरी आधुनिक ज्ञान, विज्ञान, कला एवम् प्रविधिमा दक्ष, प्रतिस्पर्धी जनशक्ति विकास गर्ने उद्देश्य अनुरूप नेपालमा उच्च शिक्षाको समयसापेक्ष विस्तार हुँदै आएको छ । यस पृष्ठभूमिमा देशमा हाल विद्यमान एवम् भविष्यमा स्थापना हुने विभिन्न प्रकारका उच्च शिक्षा संस्थाहरूको विकास, तिनको व्यवस्थापन र नियमन गर्नका लागि उपयुक्त उच्च शिक्षा नीतिको तर्जुमा अत्यावश्यक भएको तथ्यलाई महसुस गरी उच्च शिक्षा नीतिको यो प्रस्ताव तयार गरिएको छ । यो प्रस्तावको खाका मूलतः उच्च शिक्षाका निम्न लिखित पक्षहरूमा केन्द्रित रहेको छः

- उच्च शिक्षा संस्थाको स्थापना, सञ्चालन र व्यवस्थापनसम्बन्धी कार्यलाई नियमन गर्ने र व्यवस्थित एवं मर्यादित बनाउने ।
- उच्च शिक्षाको अध्ययन तथा अनुसन्धान गर्ने अवसरको उपलब्धतालाई व्यापक बनाउने ।
- उच्च शिक्षालाई देश विकासका लागि प्रत्यक्ष रूपमा सान्दर्भिक एवम् उपयोगी तुल्याउने ।
- ज्ञानको अभिवृद्धिका साथै आर्थिक उत्पादनशील, रोजगार एवम् प्रवर्तनात्मक कार्यका लागि सक्रिय, क्षमतावान् एवम् सीपमूलक जनशक्ति तयार गर्नेतर्फ उच्च शिक्षालाई केन्द्रित गर्ने ।
- प्रतिस्पर्धाका आधारमा उच्च शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने ।
- देशको शैक्षिक तथा प्राज्ञिक क्षेत्रलाई अझ बढी स्वस्थ, मर्यादित र उपलब्धिमूलक बनाउने ।
- राष्ट्रिय उच्च शिक्षाको अन्तर्राष्ट्रिय क्षेत्रसँग सम्बन्ध र समन्वय कायम गर्ने ।

शिक्षामा समतामूलक पहुँच अभिवृद्धि गर्ने; उच्च शिक्षालाई सीप विकाससँग आबद्ध गर्ने र प्राविधिक तथा वैज्ञानिक शिक्षाका अवसरहरूमा वृद्धि गर्दै लैजाने; सरकारका साथै निजी क्षेत्र, गैरसरकारी क्षेत्र तथा स्थानीय निकाय एवम् समुदायलाई समेत सहभागी र उत्तरदायी बनाई समग्र शैक्षिक प्रणाली, प्रक्रिया र कार्यलाई सुशासनका सिद्धान्त अनुरूप सञ्चालन गर्ने र सेवा प्रवाहलाई छिटो, छरितो, गुणस्तरीय, प्रभावकारी र जवाफदेही बनाउने प्रयासहरू जारी रहेका छन् । विगतका यिनै प्रयास र उपलब्धिहरूलाई सुदृढ गर्दै एक्काइसौं शताब्दीको ज्ञानमा आधारित, अवसरहरूको उपयोग र चुनौतीहरूको सामना गर्न सक्ने शिक्षा प्रणालीको विकास गर्ने दिशामा यो प्रस्ताव केन्द्रित रहेको छ ।

उच्च शिक्षाको महत्त्व र आवश्यकताबारे जनमानसमा बढ्दै गएको आकाङ्क्षाको परिणामस्वरूप उच्च शिक्षामा भर्ना दर द्रुत गतिले बढिरहेको छ । विगत ५ वर्ष (आर्थिक वर्ष २०६३/०६४ देखि २०६८/०६९ बीच) का अवधिमा यो संख्या २.०६ गुणाले (२१५५७५ बाट ४४४९९४) बढेको छ । यस अवधिमा सरदर वार्षिक वृद्धिदर करिब १८ % छ । त्यस्तै उच्च शिक्षा संस्थाहरूको संख्या करिब २ गुणाले (५७१ बाट ११३४) बढेको छ । उच्च शिक्षामा भर्ना हुनेहरूमध्ये छात्राहरूको संख्या

३५ % बाट ४५ % पुगेको छ । कुल भर्ना दर ( Gross Enrollment Rate) ६.६ % बाट १६.८४ % पुगेको छ । वार्षिक स्नातक उत्पादन २९९२५ बाट बढेर ६२१६७ पुगेको छ । शैक्षिक संस्थाहरूको विकासमा निजी एवम् समुदायको सहभागिता तथा लगानीमा व्यापक वृद्धि भएको छ । मुलुकका ११३४ क्याम्पसहरूमध्ये ७०१ (६१.८ %) निजी स्तरमा सञ्चालित छन् भने सामुदायिक स्तरमा ३४३ (३०.२ %) सञ्चालित छन् । सरकारको पूर्ण आर्थिक सहयोगमा सञ्चालित आङ्गिक क्याम्पसहरू भने ९० वटा (७.९%) मात्र छन् ।

## १.२ उच्च शिक्षाको विकासमा देखिएका समस्या तथा चुनौतीहरू

उच्च शिक्षामा विश्वको कुल भर्नादर (GER, सन् २०१०मा) सरदर २६ % छ । उच्च शिक्षाको दिगो एवम् प्रभावमूलक विकासका लागि कुल भर्नादर कम्तीमा २० % भन्दा माथि हुनुपर्ने मान्यता छ । यी सन्दर्भमा नेपालको हालको कुल भर्नादर करिब १६.८४ % रहेको छ ।

महिला, जनजाति, दलित, आर्थिक रूपले विपन्न एवम् दुर्गम क्षेत्रमा बसोबास गर्नेहरूका लागि उच्च शिक्षामा पहुँचको अवसर समतामूलक रहेको छैन ।

उच्च शिक्षाको परीक्षा परिणाम विज्ञान तथा प्रविधि तर्फ विशेष गरी चिकित्साशास्त्र, इन्जिनियरिङ्ग, कृषि र वनविज्ञान क्षेत्रमा सन्तोषजनक छ । तर साधारण शिक्षातर्फको मानविकी, व्यवस्थापन, शिक्षा तथा कानुनमा सन्तोषजनक छैन । समग्रमा राष्ट्रिय स्तरको सरदर उत्तीर्णता प्रतिशत ४०% भन्दा कम रहँदै आएको छ । यसमा अनपेक्षित उतार-चढाव पनि छ । विगत २००७-२०११ का अवधिमा यो दर ३२ % देखि ३७ % भित्रै सीमित रहेको छ ।

उच्च शिक्षा संस्थाहरूमध्ये अधिकांशमा शिक्षाशास्त्र (३९%), साधारण व्यवस्थापन (६०%) एवम् मानविकी तथा समाजशास्त्र (२५%) को पढाइ हुन्छ । भर्ना भएका कुल विद्यार्थीमध्ये धेरैजसो ( ८५%) साधारण शिक्षातर्फ छन् (शिक्षाशास्त्रमा ३४% , साधारण व्यवस्थापनतर्फ ३१% र मानविकी तथा सामाजिक शास्त्रतर्फ २०%) । विज्ञान, प्रविधि एवं व्यावसायिक विषयका उच्च शैक्षिक संस्थाहरू र विद्यार्थी भर्ना पनि न्यून रहेको छ ।

विश्वविद्यालयहरू तथा तिनका आङ्गिक क्याम्पस (९०) एवम् सम्बन्धन प्राप्त गरी सञ्चालित ( ११३४) क्याम्पसहरूले उच्च शिक्षा प्रदान गर्दै आएका छन् । तर तिनको स्तरोन्नति, सुपरिवेक्षण, निरीक्षण र विकासका लागि विश्वविद्यालय तथा अन्य शैक्षिक निकायमा समेत उपयुक्त व्यवस्था छैन । नक्साङ्कनका आधारमा क्याम्पस स्थापना गर्ने र सम्बन्धन दिने व्यवस्था नभएका कारण जथाभावी क्याम्पस खुल्ने गरेका छन् ।

अधिकांश उच्च शिक्षा संस्थाहरू (४९.९%) मध्यमाञ्चल विकास क्षेत्रमा छन् र ती पनि खासगरी काठमाडौं उपत्यकामा सीमित छन् । त्यसपछि पश्चिमाञ्चल (१८.४%) र पूर्वाञ्चल विकास क्षेत्रमा (१७.५%) छन् । मध्यपश्चिमाञ्चलमा ७.७% र सुदूर पश्चिमाञ्चलमा ६.३ % मात्र छन् ।

गुणस्तरको सुनिश्चितता तथा प्रत्यायन (Quality Assurance and Accreditation) प्रणालीको थालनी हालै मात्र भएको छ । यस अवस्थामा अधिकांश शैक्षिक संस्थाहरूले निश्चित गुणस्तर प्राप्त गर्न तथा मापदण्डयुक्त बन्न धेरै प्रयास गर्न बाँकी नै छ ।

सन् २००४ मा नेपाल WTO को सदस्य भएपछि यहाँ विदेशी उच्च शिक्षा संस्थाहरू तथा तिनका सम्बन्धनमा स्वदेशी उच्च शिक्षा संस्थाहरू खोल्ने क्रम थालिएको छ । यसप्रकार खोलिएका र भविष्यमा खोलिने उच्च शिक्षा संस्था एवम् त्यहाँ सञ्चालन हुने शैक्षिक कार्यक्रमको उपयुक्त नियमन तथा अनुगमन गर्ने प्रभावकारी व्यवस्था भइसकेको छैन ।

आजको विश्वसन्दर्भमा प्रविधिको विकासका कारण ज्ञान र सूचना द्रुत गतिले बढिरहेको छ । अनुसन्धान र प्रवर्तनात्मक कार्य नै आजको उच्च शिक्षाको प्रमुख पक्ष बनेको छ । यी विविध पक्षमा केन्द्रित रही कतिपय विकसित एवम् विकासशील देशहरूले उच्च शिक्षालाई प्रतिस्पर्धात्मक रूपमा विकास गर्दै लगेका छन् । यस पृष्ठभूमिमा नेपालको उच्च शिक्षालाई पनि अगाडि बढाउनु वाञ्छनीय छ । त्यसका निम्ति नयाँ सोच तथा प्रयासको आवश्यकता छ ।

उच्च शिक्षा संस्थाहरूको संख्या, तिनका शैक्षिक कार्यक्रमहरू एवम् विद्यार्थी भर्नामा उल्लेख्य एवं द्रुत गतिले वृद्धि हुँदै गए पनि यसका लागि सरकारका तर्फबाट अपेक्षाकृत लगानी एवम् प्रभावकारी सञ्चालनको व्यवस्था हुन सकेको छैन । कुल राष्ट्रिय बजेट अन्तर्गत समग्र शिक्षा क्षेत्रका लागि छुट्टयाइने बजेटको जम्मा ८% मात्र उच्च शिक्षामा लगानी हुँदै आएको छ । सम्पूर्ण शिक्षा क्षेत्रको बजेट कुल राष्ट्रिय बजेटको करिब १६% मात्र छ । त्यसैले उच्च शिक्षा क्षेत्रको समग्र एवम् प्रभावकारी योजना, व्यवस्थापन एवम् नियमन सम्बन्धी राष्ट्रिय प्रणालीको निर्माण हुन सकेको छैन र सरकारी, सामुदायिक एवम् निजी लगानीको उपयुक्त एवम् प्रभावकारी नियमनको व्यवस्था पनि हुन सकेको छैन । उच्च शिक्षाका यी र यस्ता क्षेत्रमा विद्यमान विविध समस्या तथा चुनौतीहरूलाई सम्बोधन गर्नका लागि एकीकृत रूपमा उच्च शिक्षाबारे राष्ट्रिय सोच तथा लक्ष्य निर्धारणका साथ सघन नीति, रणनीति एवम् कार्यक्रमहरूको योजना तर्जुमा गर्नु अत्यावश्यक छ ।

### १.३ प्रस्तावित उच्च शिक्षा नीतिको कार्यान्वयनबाट गरिएका अपेक्षा

१. राष्ट्रिय आवश्यकता तथा प्राथमिकताका आधारमा रोजगार/व्यवसाय र बजारसँग विविध विधाका उच्च शैक्षिक कार्यक्रमहरू कार्यान्वयनमा आउने र तिनको विकास प्रक्रिया सुरु हुने,
२. उच्च शिक्षाको कुल भर्ना दरमा अभिवृद्धि हुने,
३. कक्षा सञ्चालन हुने दिनहरू, निश्चित मितिमा विद्यार्थी भर्ना, परीक्षा सञ्चालन, नतिजा प्रकाशन एवं दीक्षान्त समारोह (Convocation) सम्पन्न गर्ने क्रियाकलाप सहितको शैक्षिक क्यालेन्डर ( Academic Calendar ) प्रभावकारी रूपमा लागू हुने ।
४. अध्ययन-अध्यापन एवं परीक्षाप्रणालीमा समष्टिगत सुधार सहित उच्च शिक्षाको उत्तीर्णता प्रतिशतमा अभिवृद्धि हुने,
५. उच्च शिक्षाको गुणस्तरको सुनिश्चितता एवम् प्रत्यायन (एक्रेडिटेसन) प्रणालीको कार्यान्वयन हुने,

६. उच्च शिक्षाको व्यवस्थित विकास र प्रवर्द्धनका लागि नक्साङ्कनको उपयुक्त आधार तयार हुने,
७. विश्वविद्यालय स्थापनासम्बन्धी पूर्वाधार तयार हुने,
८. वैदेशिक सम्बन्धनमा सञ्चालन हुने उच्च शिक्षा संस्थाको स्वीकृति, व्यवस्थापन र अनुगमनसम्बन्धी उपयुक्त आधारहरू तयार हुने,
९. विश्वविद्यालयलाई दिइने आर्थिक सहायता तथा अनुदानसम्बन्धी मापदण्डका आधारहरू तयार हुने,
१०. उच्च शिक्षामा सरकार, सरोकारवाला एवम् स्थानीय निकाय बीच साझेदारी कार्यमा वृद्धि हुने,
११. उच्च शिक्षाको स्पष्ट नीति एवम् छाता ऐनको व्यवस्थापन तथा कार्यान्वयन हुने ।

## १.४ उच्च शिक्षा नीतिको प्रस्ताव तर्जुमा गर्न अँगालिएको प्रक्रिया

उच्च शिक्षा नीति प्रस्ताव गर्नका लागि अनुदान आयोगद्वारा २२ सदस्यीय प्रतिनिधिमूलक मूल समिति गठन गरिएको थियो (**परिशिष्ट-१**) । उक्त मूल समितिले उच्च शिक्षा क्षेत्रका निम्नलिखित पाँचवटा महत्त्वपूर्ण विषय/क्षेत्रहरू पहिचान गरी सो अनुरूप आवश्यक नीति प्रस्ताव गर्न दिएको निर्देशन अनुसार पाँचवटा विषयगत कार्य समितिहरू बनाई उच्च शिक्षा नीति प्रस्ताव गर्ने कार्यलाई अगाडि बढाएको थियो :

(१) उच्च शिक्षा विकासको सान्दर्भिकता एवम् समसामयिक दिशानिर्देश,
(२) उच्च शिक्षा संस्थाहरूको स्थापना तथा सुदृढीकरण,
(३) स्वदेशी तथा विदेशी विश्वविद्यालयबाट सम्बन्धन लिई सञ्चालित उच्च शिक्षा संस्थाहरूको नियमन,
(४) उच्च शिक्षामा गुणस्तरको सुनिश्चितता र
(५) उच्च शिक्षामा आर्थिक व्यवस्थापनको नियमन ।

उपर्युक्त पाँचैवटा विषयगत समितिका कार्यहरूलाई समन्वित गरी एकीकृत प्रस्ताव तयार गर्नका लागि ती पाँचवटा कमिटीका संयोजकहरू तथा विश्वविद्यालय अनुदान आयोगका सदस्य-सचिव समेत सदस्य रहने गरी आयोगका अध्यक्षकै अध्यक्षतामा एक कोर कमिटी गठन गरिएको थियो । (**परिशिष्ट-१**)

मूल समितिको निर्देशन एवम् निर्धारित विषय क्षेत्रका परिधिमा रही उक्त कोर कमिटीले उच्च शिक्षा सम्बन्धी नीति तर्जुमा एवम् कार्यान्वयन प्रणालीको खाका (**परिशिष्ट-२**) तयार गरी उच्च शिक्षासँग सम्बद्ध विभिन्न तहका सरोकारवालाहरू, शिक्षाविद्, प्रशासक, बुद्धिजीवी, राजनैतिक व्यक्तित्व, पत्रकार, शिक्षक, कर्मचारी एवम् विद्यार्थी संगठनका प्रतिनिधि समेतलाई सहभागी तुल्याई केन्द्रीय तथा क्षेत्रीय स्तर (पाँचै विकास क्षेत्र) मा गोष्ठीको आयोजना गरेको थियो । तिनै गोष्ठीहरूबाट प्राप्त भएका सुझावहरूलाई समेटेर यो उच्च शिक्षा नीतिको खाका तयार गरिएको छ । यस क्रममा प्रस्तावित उच्च शिक्षा नीतिलाई अन्तिम रूप दिने उद्देश्यले एक राष्ट्रिय गोष्ठीको आयोजना

गरिएको थियो भने यसअगि अरू विभिन्न किसिमका गोष्ठीहरू पनि आयोजना गरिएका थिए । तिनको संक्षिप्त विवरण **परिशिष्ट-३** मा छ भने विस्तृत विवरण **परिशिष्ट ४-७** मा उल्लेख गरिएको छ । सम्पूर्ण कार्यक्रमहरूका सुझावहरूलाई समेटी Analytical Framework for Higher Education Policy **परिशिष्ट-८** मा उल्लेख गरिएको छ । साथै सहभागीहरूको उपस्थिति विवरण **परिशिष्ट-९** मा उल्लेख गरिएको छ ।

# दुई

## प्रस्तावित उच्च शिक्षा नीति

१. अभिवृत्ति, क्षमता र योग्यता (Aptitude and Merit) का आधारमा उच्च शिक्षा सबैका लागि खुल्ला हुने छ ।

क) विभिन्न अभिरुचि र अभिवृत्तिलाई ध्यानमा राखी खुला एवम् दूर शिक्षाको व्यवस्था लगायत उच्च शिक्षामा पहुँच अभिवृद्धि गर्न विविध व्यवस्था गरिने छ ।

ख) उच्च शिक्षामा लैङ्गिक, जातीय, दलित तथा आर्थिक रूपले विपन्न एवम् क्षेत्रीय रूपले पिछडिएका समुदाय र वर्गको समतामूलक सहभागिताका लागि विशेष व्यवस्था गरिने छ ।

२. उच्च शिक्षामा गुणस्तरको सुनिश्चितताका लागि उच्च शैक्षिक संस्थाहरूलाई प्रोत्साहित गरिने छ ।

क) गुणस्तरको सुनिश्चितता एवम् प्रत्यायनका लागि एक स्वायत्त राष्ट्रिय बोर्डको स्थापना गरिने छ ।

ख) हाल सञ्चालनमा रहेका उच्च शिक्षा संस्थाको सुधार एवम् नयाँ शैक्षिक संस्थाहरूको स्थापनाका लागि गुणस्तरको सुनिश्चितता तथा प्रत्यायनलाई एक प्रमुख आधार बनाइने छ ।

३. राष्ट्रको आर्थिक विकास तथा सामाजिक, राजनैतिक रूपान्तरणको आवश्यकता अनुसार उच्च शिक्षा कार्यक्रमहरूको प्राथमिकता एवं विकास कार्यलाई केन्द्रित गरिने छ ।

क) गरिबी निवारण, कामको अवसरको सृजना तथा समग्र राष्ट्रिय आर्थिक विकास,

ख) कृषि, वन, जैविक विविधता, पर्यटन, जल तथा जलविद्युत्, नवीकरणीय शक्ति, साना एवं मझौला उद्योग आदिको विकास,

ग) प्राकृतिक वातावरणको सन्तुलन एवम् दिगोपनको विकास,

घ) आपसी सद्भाव एवम् सौहार्दसहितको समावेशी लोकतान्त्रिक संस्कृतिको विकासका निम्ति सामाजिक तथा राजनैतिक रूपान्तरण,

ङ) राष्ट्रिय सम्पदा तथा परम्परागत स्थानीय ज्ञान, सीप एवम् प्रविधिको जगेर्ना एवम् विकास ।

४. उच्च शिक्षा संस्थाहरू (विश्वविद्यालयहरू तथा तिनका आङ्गिक एवम् सम्बन्धन प्राप्त क्याम्पस) को सुधारका लागि आवश्यक पहल गर्नुका साथै तिनलाई सहयोग पुऱ्याइने छ ।

क) उच्च शिक्षा संस्थाहरूको सुधार कार्य गुणस्तर अभिवृद्धि, सान्दर्भिकता एवम् प्रभावकारी व्यवस्थापनमा केन्द्रित हुने छ ।

ख) प्राज्ञिक उत्कृष्टताका लागि संस्थागत स्वायत्तता तथा विकेन्द्रीकृत व्यवस्थापनको नीति अवलम्बन गरिने छ ।

५. उच्च शिक्षामा अनुसन्धान एवम् प्रवर्तनलाई उच्च प्राथमिकता दिइने छ।

क) विश्वविद्यालय एवम् उच्च शिक्षा संस्थाहरूलाई अनुसन्धानका राष्ट्रिय आवश्यकता एवम् अवसरहरूसँग आबद्ध गरिने छ। यसको सहजीकरणका लागि एक राष्ट्रिय अनुसन्धान समन्वय परिषद् गठन गरिने छ।

ख) अनुसन्धानात्मक तथा अद्यावधिक ज्ञानमा आधारित पाठ्यक्रम तथा त्यसको पठनपाठनमा जोड दिइने छ।

ग) शैक्षिक अनुसन्धान एवम् नवप्रवर्तन क्षमता अभिवृद्धि गर्नका लागि सहयोग गरिने छ।

६. राष्ट्रिय क्षमता अभिवृद्धिका लागि मानव संसाधन विकास गर्न उच्च शैक्षिक जनशक्तिको आवश्यकतालाई ध्यानमा राखी उच्च शिक्षालाई उच्च प्राथमिकता दिइने छ।

क) राष्ट्रिय विकासको सम्भाव्यताको पहिचान एवम् परिचालन गर्ने क्षमताको अभिवृद्धिका लागि विज्ञान तथा प्रविधिलाई प्राथमिकता दिई उच्च शिक्षाको विकास गरिने छ।

ख) उच्च शिक्षाले राष्ट्रिय विकासका कार्यहरूको कार्यान्वयन गर्न आवश्यक सक्षम जनशक्ति उत्पादन गर्ने छ।

७. उच्च शिक्षाको विकासका लागि निजी, सामुदायिक, सहकारी, सार्वजनिक एवम् निजी सार्वजनिक साझेदारी कार्यलाई प्रोत्साहित गरिने छ।

क) सामुदायिक, सहकारी तथा निजी क्षेत्रलाई उच्च शैक्षिक संस्थाहरू खोल्न तथा विकास गर्न प्रोत्साहित गरिने छ।

ख) विदेशी शैक्षिक संस्थाहरूसँगको सहकार्य वा सम्बन्धन प्राप्त उच्च शिक्षा संस्थाका शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्न प्रचलित राष्ट्रिय नीति, आवश्यकता एवम् अन्तर्राष्ट्रिय सम्झौताका आधारमा स्वीकृति प्रदान गरिने छ।

८. उच्च शिक्षामा सरकारको लगानी निश्चित मान्यता, मापदण्ड तथा प्रक्रियागत उत्तरदायित्व र जवाफदेहिताका आधारमा व्यवस्थित एवम् नियमित गरिने छ।

क) सरकारको लगानी तथा अनुदान राष्ट्रिय प्राथमिकता, गुणस्तर, प्रभावकारी कार्य सम्पादन जस्ता पक्षमा आधारित हुनेछ।

ख) निजी, सहकारी, सामुदायिक लगानीका निश्चित मापदण्ड बनाइने छ।

ग) आर्थिक नियमन तथा अनुगमनको उपयुक्त प्रविधि सहितको प्रणालीगत विकास गरिने छ।

# तीन

# उच्च शिक्षा रणनीति

उच्च शिक्षा नीतिको प्रभावकारी कार्यान्वयनका लागि निम्नानुसार पाँचवटा आधारभूत रणनीति लिइने छ :

१. उच्च शिक्षाको विकासलाई राष्ट्रिय आवश्यकता एवम् अन्तर्राष्ट्रिय विकास क्रम, मान्यता र प्रचलनसँग सान्दर्भिक बनाउन दिशा निर्देश गर्ने,
२. पहुँच, गुणस्तर, सान्दर्भिकता, विश्वसनीयता एवम् प्रतिस्पर्धात्मक क्षमताको आधारभूत आवश्यकता सुनिश्चित हुने गरी नयाँ शैक्षिक संस्थाहरूको स्थापना तथा सञ्चालनमा रहेका उच्च शिक्षा संस्थाहरूको सुदृढीकरण गर्ने,
३. विदेशी उच्च शिक्षा संस्थाहरू तथा तिनका सम्बन्धनमा देशमा सञ्चालित उच्च शिक्षा संस्थाहरू र तिनका शैक्षिक कार्यक्रमहरूलाई राष्ट्रिय आवश्यकता एवम् हितका आधारमा प्रभावकारी नियमन गर्ने र स्वदेशकै विश्वविद्यालयहरूका सम्बन्धन प्राप्त उच्च शिक्षा संस्थाहरूलाई पनि राष्ट्रिय नियमन अन्तर्गत ल्याउने,
४. उच्च शिक्षा संस्था एवम् शैक्षिक कार्यक्रममा गुणस्तर सुनिश्चितताको मान्यता र मापदण्डका आधारमा नियमन गर्ने र
५. उच्च शिक्षामा लगानी तथा आर्थिक व्यवस्थापनलाई पारदर्शिता एवम् उत्तरदायित्वका आधारमा नियमन गर्दै सरकारी अनुदानलाई उत्पादकत्व एवम् गुणस्तरसँग आबद्ध गर्ने ।

## ३.१ राष्ट्रिय आवश्यकता अनुकूल उच्च शिक्षाको दिशानिर्देश

### ३.१.१ समस्या तथा चुनौतीहरू

- नेपालमा उच्च शिक्षाको जनचाहना द्रुत गतिमा बढ्दै छ । हरेक वर्ष विद्यार्थीहरूको भर्ना दर बढिरहेको छ । त्यस्तै हरेक वर्ष उच्च शिक्षासँग सम्बद्ध नयाँ संस्थाहरू थपिँदै छन् । तर यो अभिवृद्धि योजनाबद्ध र व्यवस्थित छैन । अधिकांश थपिएका संस्थाहरू शिक्षाशास्त्र, मानविकी र समाजिक शास्त्र तथा साधारण व्यवस्थापनतर्फ केन्द्रित छन् । यी विषय-क्षेत्रहरूमा सम्पूर्ण उच्च शिक्षाका विद्यार्थीमध्ये ८५% छन् भने विज्ञान र प्रविधिका क्षेत्रमा १४% मात्र छन् । तीमध्ये पनि मेडिसिन तथा इन्जिनियरिङ्गमा ९.४२%, विज्ञान तथा प्रविधिमा ४.२४% एवम् कृषि तथा वनतर्फ ०.३% मात्र छन् । गरिबी, रोजगारीको अवसरमा कमी एवम् आर्थिक अवसरमा विकास हुन नसकिरहेको, ७५% भन्दा बढी जनसंख्या कृषिमा निर्भर रहेको राष्ट्रिय परिप्रेक्षमा हालको उच्च शिक्षाको विकास देशको आवश्यकता एवम् सान्दर्भिकता भन्दा टाढा छ ।
- उच्च शिक्षामा महिला, दलित, जनजाति एवम् आर्थिक तथा भौगोलिक रूपले पिछडिएका विद्यार्थीहरूको सहभागिता ज्यादै न्यून छ । हालै महिला, दलित, एवम् सामाजिक तथा

आर्थिक रूपले पिछडिएका विद्यार्थीहरूका लागि छात्रवृत्तिको केही व्यवस्था थालिएको भए तापनि यस्ता प्रयत्नहरू अत्यन्त न्यून छन् ।

- पाठ्यक्रमको उद्देश्य एवम् भावना अनुरूप शैक्षिक क्रियाकलाप हुन नसक्नु, सिकाइ उपलब्धिमूलक परीक्षा प्रणालीको व्यवस्था हुन नसक्नु, शैक्षिक क्यालेन्डरको पालना हुन नसक्नु, उपयुक्त शैक्षिक वातावरण कायम राख्न नसक्नु जस्ता समस्याहरूका कारण अधिकांश उच्च शिक्षा संस्थाहरूको गुणस्तर एवम् विश्वसनीयतामा कमी भएको अनुभव व्यापक रूपमा गरिएको छ ।
- खासगरी दलगत राजनीतिबाट अभिप्रेरित विद्यार्थी, शिक्षक एवम् प्रशासनिक युनियनहरूका क्रियाकलापका कारण केही विश्वविद्यालयहरूको प्राज्ञिक वातावरण धमिलिई शैक्षिक क्यालेन्डरहरू ओझेलमा परेका छन् । यसैका कारण विना योजना, अनिश्चित समयमा प्रक्रियाविहीन ढङ्गले विद्यार्थी भर्ना भइरहेका छन् । परीक्षा एवम् नतिजा प्रकाशनलाई पछि सार्ने जस्ता कार्यले शैक्षिक सत्र पछाडि सर्दै गइरहेका छन् । यी कारणहरूले गर्दा विद्यार्थी एवम् अन्य सरोकारवालाहरूमा गम्भीर समस्या एवम् अनिश्चितताको अवस्था सृजना भएको छ । यस प्रकारको नकारात्मक वातावरणका कारण प्राज्ञिक सभा, गोष्ठी, अनुसन्धान, परियोजना कार्य, प्रवर्तनात्मक क्रियाकलाप जस्ता अध्ययन-अध्यापनका महत्त्वपूर्ण क्रियाकलापहरू ओझेलमा परेका छन् । अध्ययन-अध्यापनका क्रियाकलापहरू प्रयोगात्मक तथा सान्दर्भिक हुन सकिरहेका छैनन् । पाठ्यक्रमका उद्देश्य, लक्ष्य एवम् भावना अनुरूप योजना बनाई शैक्षिक कार्यक्रमहरू लागू हुन सकिरहेका छैनन् । परीक्षाहरू पनि अध्ययन/सिकाइ उपलब्धिलाई मापन गर्ने तथा अध्ययन-अध्यापनलाई सहयोगी हुने गरी योजनाबद्ध हुन सकेका छैनन् ।
- उच्च शिक्षामा कार्यरत नेतृत्व वर्गमा लचकता एवम् गतिशील शैक्षिक कार्यक्रमको विकास तथा सञ्चालनको आवश्यकता अनुसारको क्षमताको कमी रहेका कारण विविधतालाई समेट्ने गरी अन्तरविषयक (Interdisiplinary) कार्यक्रमहरूको सञ्चालनका प्रयासहरू कमै मात्र भएका छन् । मुलुकका विभिन्न विश्वविद्यालयहरूबिच अन्तरसम्बन्ध कायम गरी अनुसन्धान, नवप्रवर्तन एवम् विकास कार्यमा सहकार्य, सम्बन्धन एवम् एकरूपता कायम गर्ने जस्ता महत्त्वपूर्ण कार्यहरू अगाडि बढ्न सकेका छैनन् ।
- उच्च शिक्षासँग सम्बद्ध अधिकांश संस्थाहरू राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय रूपमा चुस्त एवम् प्रतिस्पर्धात्मक हुन सकिरहेका छैनन् । आजका अन्तर्राष्ट्रिय प्रवृत्ति र प्रचलन अनुसार उच्च गतिमा वृद्धि हुँदै गएको ज्ञान एवम् त्यसको उपयोग तथा आधुनिक सूचना प्रविधि (ICT) को उपयोग ज्यादै टाढाको विषय बनेको छ ।
- समग्रमा देशको उच्च शिक्षा विकासको उचित गन्तव्यसहित दूरगामी सोचमा आधारित योजना तथा कार्यक्रमहरूको कमी छ ।

### ३.१.२ समस्या समाधानका लागि नीतिगत प्रस्ताव

- उच्च शिक्षालाई राष्ट्रिय विकासका आवश्यक क्षेत्र एवम् प्राथमिकताका आधारमा व्यवस्थापन गर्दै लगिने छ । यस सन्दर्भमा कृषि, पशु तथा वन विज्ञान एवं प्रविधि,

जलविद्युत्, नवीकरणीय शक्ति, उद्योग तथा व्यापार लगायतका क्षेत्रसँग सम्बद्ध कार्यमूलक एवम् रोजगारी उन्मुख उच्च शिक्षाको विकासलाई प्राथमिकता दिइने छ ।

- नेपालमा विद्यमान उच्च शिक्षा संस्था तथा तिनका कार्यक्रमहरूको परम्परागत परिपाटीहरूमा समयोचित परिवर्तन सहित गुणस्तरीय, सान्दर्भिक एवम् प्रभावकारी व्यवस्थापनमा जोड दिइने छ ।
- सामाजिक तथा समतामूलक सहभागिताका लागि आर्थिक सहायताको व्यवस्था गरिने छ र पछाडि परेको वर्गलाई प्रचलित कानुन अनुसार आरक्षणको व्यवस्था गरिने छ ।
- उच्च शिक्षालाई चुस्त एवम् प्रतिस्पर्धात्मक बनाई अन्तर्राष्ट्रिय क्षेत्रमा भएका विकासका प्रावधानहरूसँग आबद्ध गर्न अन्तर्राष्ट्रिय जगत्सँगको सम्बन्ध, सहकार्य एवम् सहयोगमा जोड दिइने छ ।
- उच्च शिक्षामा देशको विकास, आर्थिक उत्पादन एवम् रोजगारमूलक शिक्षाका लागि आवश्यक शैक्षिक कार्यक्रमहरूको संस्थागत विकासमा जोड दिइने छ ।
- हाल सञ्चालनमा रहेका शैक्षिक संस्थाहरू एवम् कार्यक्रमहरूलाई प्राविधिक एवम् व्यावसायिक शिक्षासँग सामञ्जस्य कायम गर्न पुल कार्यक्रम (Bridging Program) का व्यवस्थाहरू मिलाइने छ ।
- उच्च शिक्षामा अनुसन्धान एवम् प्रवर्तनमा जोड दिन सरकार तथा विश्वविद्यालयहरूबिच सहयोग एवम् सहकार्यका लागि एक राष्ट्रिय अनुसन्धान समन्वय एवम् संयोजन एकाइको स्थापना गरिने छ । उक्त एकाइले राष्ट्रिय आवश्यकताका अनुसन्धानहरू तथा त्यस्ता अनुसन्धानका लागि उपलब्ध आर्थिक स्रोतलाई उच्च शिक्षा संस्था/विश्वविद्यालयहरूमा प्रवाह गर्ने र सो अनुसार कार्य सम्पादनको भूमिका निर्वाह गर्ने छ ।
- देशका विशेषता एवम् विकासका सम्भाव्यताहरूलाई ध्यानमा राखी राष्ट्रिय बहस एवम् प्रतिस्पर्धात्मक अवधारणाहरूको विकासमा जोड दिई अन्तर्राष्ट्रिय स्तरका अध्ययन केन्द्रहरू विकसित गर्दै लगिने छ । यस अनुरूपका केही सम्भाव्य अन्तर्राष्ट्रिय अध्ययन केन्द्रहरू निम्नानुसार हुने छन्:

    (१) जलस्रोत तथा जलविद्युत् सम्बन्धी अध्ययन केन्द्र
    (२) प्राकृतिक प्रकोप व्यवस्थापन सम्बन्धी अध्ययन केन्द्र
    (३) जलवायु तथा प्राकृतिक वातावरण सन्तुलन सम्बन्धी अध्ययन केन्द्र
    (४) जैविक विविधता सम्बन्धी अध्ययन केन्द्र
    (५) पर्यटन एवम् पर्वतारोहण सम्बन्धी अध्ययन केन्द्र
    ६. राष्ट्रिय सम्पदा, संस्कृति एवम् परम्परागत ज्ञान तथा सीप (Indegeneous Knowledge and skill) सम्वन्धी अध्ययन केन्द्र

## ३.२ उच्च शिक्षा संस्थाहरूको स्थापना तथा सुदृढीकरण

### ३.२.१ समस्या तथा चुनौतीहरू

- उच्च शिक्षा संस्थाहरू राष्ट्रिय समस्या, आवश्यकता एवम् अन्तर्राष्ट्रिय विकाससँग आबद्ध गर्ने योजनाविना नै खुल्दै गइरहेका छन् ।
- उच्च शिक्षा संस्थाहरूको स्थापना, सञ्चालन र विकासका प्रक्रिया एवम् प्रावधानहरूमा एकरूपता छैन । विश्वविद्यालयहरू बेग्लाबेग्लै ऐन अन्तर्गत स्थापना भई सञ्चालित छन् । तिनका सम्बन्धनप्राप्त क्याम्पसहरू पनि विविध प्रकारले सञ्चालित छन् ।
- उच्च शिक्षाको पहुँच तथा अवसरमा क्षेत्रगत विभेद तथा असन्तुलन छ । अधिकांश उच्च शिक्षा संस्थाहरू काठमाडौं उपत्यकामा सञ्चालित छन् ।
- उच्च शिक्षामा महिला, दलित, जनजाति, आर्थिक रूपले विपन्न एवम् दुर्गम क्षेत्रका विद्यार्थीहरूको पहुँच न्यून छ ।
- अधिकांश उच्च शिक्षा संस्थाहरूमा शैक्षिक एवम् प्राज्ञिक वातावरणको कमी रहेको छ ।
- उच्च शिक्षा संस्थाहरू कुनै निश्चित एवम् निर्धारित मापदण्ड विना बनेका छन् र तिनमा गुणस्तर सुनिश्चितताको प्रावधान पनि छैन ।
- उच्च शिक्षाका कार्यक्रमहरू राष्ट्रिय समस्या तथा आवश्यकतासँग सान्दर्भिक बनाइएका छैनन् ।
- धेरैजसो उच्च शिक्षा संस्थाको स्थापना र विकास गर्ने क्रममा स्थान, गुणस्तर, प्रभावकारिता, दिगोपन, सञ्चालन, व्यवस्थापन लगायतका पक्षहरूको नियमन गर्नका लागि स्पष्ट नियम तथा प्रावधानहरू बनेका छैनन् ।
- निश्चित मापदण्ड तथा प्रावधानको कमीका कारण खुला विश्वविद्यालय लगायत नयाँ विश्वविद्यालयहरूको स्थापना र सञ्चालन तथा खुला एवम् दूर शिक्षाको विकास र सञ्चालन जस्ता कार्यहरूमा कठिनाइ तथा मतैक्यताको कमी देखिन्छ ।
- उच्च शिक्षा संस्थाहरूको गुणस्तर अभिवृद्धि एवम् प्रभावकारी व्यवस्थापन हुन नसक्दा अनुत्तीर्णता प्रतिशत उच्च एवम् ड्रप आउट हुने जस्ता समस्या छन् ।

### ३.२.२ समस्या समाधानका लागि नीतिगत प्रस्ताव

- उच्च शैक्षिक संस्थाहरूको सञ्चालन एवम् प्रभावकारी व्यवस्थापनका लागि निम्नानुसार संरचनागत सुधार  गरिने छ :
    - ➢ विश्वविद्यालय अनुदान आयोगलाई उच्च शिक्षा आयोगमा रूपान्तरण गरी सुदृढ गरिने छ,
    - ➢ शिक्षा मन्त्रालय अन्तर्गतको उच्च शिक्षा हेर्ने निकायलाई सुदृढ गरिने छ,
    - ➢ विश्वविद्यालय एवम् सम्बन्धनप्राप्त क्याम्पसहरूलाई स्वायत्तता एवं विकेन्द्रीकरणका आधारमा व्यवस्थापन गर्न प्रोत्साहित गरिने छ,

- भौगोलिक रूपले उपयुक्त स्थानीय क्याम्पसहरूलाई समूह (Cluster) मा आबद्ध गरी सघन (comprehensive) उच्च शिक्षा एकाइको रूपमा विकसित गरिने छ ।

- विश्वविद्यालय स्थापनाका लागि आवश्यक कानुन तर्जुमा गर्न, राष्ट्रिय स्तरको उच्च शिक्षा सुधार कार्यक्रमको योजना बनाउन तथा कार्यान्वयन गर्नका लागि विश्वविद्यालय अनुदान आयोग, शिक्षा मन्त्रालय, अर्थ मन्त्रालय एवम् योजना आयोग सम्मिलित संयन्त्रको व्यवस्था गरिने छ ।
- नयाँ विश्वविद्यालय/उच्च शिक्षा संस्थाहरूको स्थापना तथा हाल सञ्चालनमा रहेका संस्थाहरूको अभिवृद्धिलाई जनसंख्या, सहरीकरण, क्षेत्रीय/भौगोलिक/राजनैतिक समता, राष्ट्रिय आवश्यकता एवम् प्राथमिकताका आधारमा नियमन गर्नका लागि एक राष्ट्रिय स्थानमान ग्रिड (NDG) को आधारभूत ढाँचा तयार गरी लागू गरिने छ ।
- आर्थिक विकाससँग सम्बद्ध प्राविधिक एवम् व्यवस्थापन सम्बन्धी उच्च शिक्षाका कार्यक्रम एवम् राष्ट्रिय सम्पदा तथा गौरवपूर्ण राष्ट्रिय कला र संस्कृतिसँग सम्बद्ध उच्च शिक्षाका कार्यक्रमहरूको कार्यान्वयन एवम् विकासलाई प्रोत्साहित गरिने छ ।
- उच्च शिक्षा संस्थाहरूमा उपयुक्त शैक्षिक एवम् प्राज्ञिक वातावरणको निर्माण र विकासलाई प्रोत्साहित गरिने छ ।
- उच्च शिक्षामा सूचना तथा श्रव्य-दृश्य प्रविधि लगायतका आधुनिक तथा वैज्ञानिक प्रविधिको उपयोगलाई प्रोत्साहित गरिने छ ।
- विद्यार्थी भर्ना, परीक्षा सञ्चालन एवम् नतिजा प्रकाशन जस्ता महत्त्वपूर्ण पक्षहरूको एकीकृत कार्यतालिका निर्धारण गरिने छ र त्यस अनुरूप विश्वविद्यालयहरूले तयार गर्ने शैक्षिक क्यालेन्डरहरूको कार्यान्वयन सुनिश्चित गरिने छ ।
- अनुसन्धान एवम् नवप्रवर्तनमुखी पाठ्यक्रम र पठनपाठन कार्यलाई प्रोत्साहित गरिने छ ।
- उच्च शिक्षाको पहुँच पुग्न नसक्ने दुर्गम स्थानमा रहेका एवम् वैकल्पिक पहुँचको आवश्यकता पर्नेहरूलाई ध्यानमा राखी खुला विश्वविद्यालय लगायत खुला एवम् दूर शिक्षा प्रणालीको संस्थागत विकास गरिने छ ।

## ३.३ स्वदेशी तथा विदेशी विश्वविद्यालयहरूका सम्बन्धनमा सञ्चालित उच्च शिक्षा संस्थाहरूको नियमन

### ३.३.१ समस्या तथा चुनौतीहरू

- उच्च शिक्षामा अन्तर्राष्ट्रियकरण भइरहेको वर्तमान सन्दर्भमा विद्यार्थीहरू उच्च शिक्षाका लागि विकसित देशमा जाने क्रम बढेको छ । शिक्षा मन्त्रालय स्रोतका अनुसार गत वर्षसम्म लगभग १,१२,६५२ विद्यार्थीहरूले उच्च शिक्षाको प्रयोजनका लागि विदेश जान भनी

Letter of No Objection Certificate (NOC) लिएका छन् । प्रत्येक वर्ष लगभग १०,००० विद्यार्थीहरू उच्च शिक्षाको प्रयोजनका निम्ति विदेश जाने गरेका छन् । यस सन्दर्भमा स्थापित विदेशी विश्वविद्यालयहरूलाई हाम्रो देशमा उनीहरूका शैक्षिक कार्यक्रम सञ्चालन गर्न दिने सन्दर्भमा समयोचित एवं प्रभावकारी व्यवस्था लागू गर्न सकिएको छैन ।

- देशमा विदेशी शिक्षा संस्थाको स्थापना एवम् सञ्चालनबारे नीति नियम नबन्दै सन् २००४ मा नेपालले विश्व व्यापार संगठनको सदस्यता लिए पश्चात् विदेशी शैक्षिक संस्थाहरू र विदेशी विश्वविद्यालयका सम्बन्धनमा उच्च शिक्षा संस्थाहरू सञ्चालनमा आउने क्रम बढिरहेको छ । त्यस्ता संस्थाहरूको अनुगमन तथा मूल्याङ्कन गर्ने प्रणालीको प्रभावकारी एवम् दिगो संस्थागत विकास गर्न बाँकी नै छ ।
- विदेशी शैक्षिक संस्थाका सम्बन्धनमा खोलिने उच्च शिक्षा संस्थामा ५१% वैदेशिक लगानी अनिवार्य हुनुपर्ने तथा ५ वर्षभित्रमा त्यसलाई ८०% पुऱ्याउनु पर्ने प्रावधान प्रभावकारी रूपले लागू गर्न सकिएको छैन ।
- प्रायः विदेशी विश्वविद्यालयका सम्बन्धनप्राप्त शैक्षिक संस्थाहरूमा प्राध्यापन गर्ने जनशक्ति लगभग स्थानीय नै रहेको छ । यिनमा विदेशी विशेषज्ञ प्राध्यापकहरूको संलग्नता खासै छैन । कार्यरत स्वदेशी शिक्षकहरूको क्षमता एवम् पेसागत विशेषज्ञता अभिवृद्धि गर्ने खालका कार्यक्रमहरू पनि छैनन् ।
- बहुविश्वविद्यालयको अवधारणासँगै हालसम्म मुलुकमा नौवटा विश्वविद्यालयहरू र चारवटा विश्वविद्यालय सरहका स्वास्थ्य विज्ञान प्रतिष्ठानहरू स्थापना भइसकेका सन्दर्भमा विश्वविद्यालयहरू सम्बन्धन दिन स्वतन्त्र रहेका कारण एउटै क्याम्पसले एउटा कार्यक्रम एउटा विश्वविद्यालयबाट सम्बन्धन लिएर तथा अर्को कार्यक्रम अर्को विश्वविद्यालयबाट सम्बन्धन लिएर सञ्चालन गरिरहेको पाइन्छ । यस्ता कियाकलापलाई निरुत्साहित गर्ने विषयमा पनि विश्वविद्यालयहरूबिच कुनै समन्वय कायम हुन नसकेको स्थिति छ ।
- उच्च शिक्षा सम्बन्धमा स्पष्ट नीति सहित देशको आवश्यकता अनुसारका कार्यक्रम सञ्चालन गर्ने तथा भौगोलिक अवस्थालाई समेत ध्यानमा राखी विश्वविद्यालयहरू खोल्ने र तिनले दिने सम्बन्धनका बारेमा समेत नियमनको उपयुक्त व्यवस्था छैन ।
- विदेशी विश्वविद्यालयका सम्बन्धनमा सञ्चालित क्याम्पसहरूको नियमित रूपमा हुनुपर्ने अनुगमन र गुणस्तर सुनिश्चितता तथा प्रमाणीकरणको अनिवार्य व्यवस्था हुन सकेको छैन ।

- विदेशी विश्वविद्यालयका सम्बन्धनमा सञ्चालित क्याम्पसहरूका बारेमा स्पष्ट नीति तथा नियमको पनि उपयुक्त व्यवस्था हुन सकेको छैन ।
- स्वदेशी विश्वविद्यालयबाट सम्बन्धनप्राप्त क्याम्पसहरूको गुणस्तरका सम्बन्धमा उपयुक्त एवम् प्रभावकारी अनुगमनको व्यवस्था हुन सकेको छैन । हाल (२०६९/७०) सम्म नेपालमा नौवटा विश्वविद्यालय र चारवटा उच्च स्तरीय शिक्षा दिने स्वास्थ्य विज्ञान प्रतिष्ठानहरू सञ्चालित छन् र तिनका सम्बन्धनमा सञ्चालन हुने क्याम्पसहरू करिब ११३४ वटा छन् । त्रिभुवन विश्वविद्यालयका ६० वटा आङ्गिक क्याम्पसहरू र ८५० भन्दा बढी सम्बन्धन प्राप्त क्याम्पसहरू रहेका छन् । यस्ता सम्बन्धन प्राप्त क्याम्पसहरूको सम्बन्धित विश्वविद्यालयबाट नियमित तथा प्रभावकारी अनुगमन हुन सकेको छैन ।
- केही विश्वविद्यालयहरूले आफ्नै आङ्गिक क्याम्पस र विभाग/विभागीय सदस्यहरू नभएको विषय एवम् शैक्षिक कार्यक्रमका लागि पनि सम्बन्धन दिँदै आएको पाइन्छ । यस्ता विकृतिलाई रोक्न सकिएको छैन ।
- स्वदेशी तथा विदेशी विश्वविद्यालयका सम्बन्धनमा देशमा सञ्चालित उच्च शिक्षा संस्थाहरूको गुणस्तर कस्तो छ भन्ने सम्बन्धमा मूल्याङ्कन गर्न सकिएको छैन । त्यस्तै तिनबाट उत्पादित जनशक्तिको कार्यक्षमताका बारेमा पनि आकलन गर्न सकिएको छैन ।

**३.३.२ समस्या समाधानका लागि नीतिगत प्रस्ताव**

- सम्बन्धन माग गर्ने संस्थाको स्थलगत अध्ययन तथा अनुगमन गरी त्यस संस्थाले सञ्चालन गर्न चाहेको कार्यक्रम तथा उक्त कार्यक्रमका लागि संस्था योग्य छ वा छैन भनी हेर्ने मापदण्ड तथा प्रक्रिया सूक्ष्म रूपले निश्चित एवं पारदर्शी बनाइने छ र त्यसका आधारमा विस्तृत स्थलगत संभाव्यताको मूल्याङ्कन समेत गरेर मात्र उच्च शिक्षा संस्थालाई सम्बन्धन दिने तथा नयाँ कार्यक्रम सञ्चालनका लागि स्वीकृति दिने बारे निर्णय गरिने छ ।
- नयाँ क्याम्पसलाई सम्बन्धन दिँदा स्थलगत सम्भाव्यता अध्ययनलाई प्रमुख आधार बनाउने र सम्भाव्यता अध्ययनका लागि अनिवार्य रूपमा पूर्णकालीन तथा योग्यता पुगेका शिक्षकहरू तथा निर्धारित भौतिक पूर्वाधार निश्चित मापदण्ड अनुसार पुगेको हुनुपर्ने छ ।
- विदेशी सम्बन्धनमा सञ्चालनमा रहेका शैक्षिक संस्थाहरूमा पूर्णकालीन व्यवस्थापक, कर्मचारी र शिक्षकहरूको अनिवार्य व्यवस्था हुनुपर्ने छ । निश्चित अनुपातमा विदेशी

विशेषज्ञ प्राध्यापकको उपस्थिति एवम् संलग्नतालाई वा स्वदेशी प्राध्यापकहरूको क्षमता अभिवृद्धि वा पेसागत विशेषज्ञता बढाउनु अपरिहार्य हुने छ ।

- विदेशी शैक्षिक संस्थाहरूको स्थापना तथा सञ्चालनमा राष्ट्रिय आवश्यकता र हितलाई ध्यानमा राखी स्वदेशी उच्च शिक्षा संस्थाले सञ्चालन गर्न नसक्ने शैक्षिक कार्यक्रम मात्र निश्चित गुणस्तर तथा मापदण्ड पूरा गरेका विदेशी शैक्षिक संस्थालाई सञ्चालन गर्न स्वीकृति दिइने छ ।
- सम्बन्धन दिने विदेशी उच्च शिक्षा संस्था गुणस्तर सुनिश्चितता प्रत्यायन (QAA) प्रमाणपत्र प्राप्त भएकै हुनुपर्ने छ । त्यस्ता संस्थालाई विदेशमा सम्बन्धन दिन वा कार्यक्रम सञ्चालन गर्न सम्बन्धित मुलुकका राष्ट्रिय उच्च शिक्षा निकायबाट स्वीकृति प्राप्त भएकै हुनुपर्ने छ ।
- विश्वविद्यालयहरूले व्यावसायिक उच्च शिक्षा कार्यक्रम जस्तैः BBA, BHM, BICT, BTTM तथा अन्य प्राविधिक विषयहरू QAA प्राप्त संस्थाहरूलाई मात्र सञ्चालन गर्न अनुमति दिने व्यवस्था गरिनेछ ।
- विदेशी विश्वविद्यालयबाट सम्बन्धन प्राप्त क्याम्पसहरू नेपाल सरकारको कम्पनी ऐन अन्तर्गत दर्ता गर्नुपर्ने छ र त्यस्ता शैक्षिक संस्थाहरू ऐनको निर्देशिका २०५९ (संशोधित २०६३) बाट निर्देशित हुने छन् ।
- सम्बन्धन दिँदा संस्थागत पद्धति र कार्यप्रणाली अनुसार राष्ट्रिय आवश्यकता, प्रक्रिया र क्षमतालाई विशेष ध्यान दिइने छ ।
- विश्वविद्यालयहरूले आफ्ना आङ्गिक तथा सम्बन्धन प्राप्त क्याम्पसहरूको नियमित अनुगमन तथा सुपरिवेक्षणका लागि नतिजामा आधारित पद्धतिको अवलम्बन गर्ने छन् ।
- विश्वविद्यालयहरूले आफ्ना आङ्गिक तथा सम्बन्धनप्राप्त क्याम्पसहरूलाई प्राज्ञिक तथा प्राविधिक सहयोग उपलब्ध गराउनका लागि रणनीतिक योजना बनाउने र तिनलाई अद्यावधिक गरी लागू गर्ने व्यवस्था मिलाउने छन् ।
- कुनै ठाउँमा नयाँ शैक्षिक संस्थालाई सम्बन्धन दिँदा त्यहाँ रहेका आङ्गिक तथा सम्बन्धन प्राप्त अन्य क्याम्पसमाथि पार्ने प्रभावका वारेमा पनि ध्यान दिइनेछ । यसलाई प्रणालीगत रूपमा सुधार गर्दै लैजान हाल सञ्चालनमा रहेका उच्च शिक्षा संस्थाहरूको नक्साङ्कन गरी राष्ट्रिय ग्रिडका आधारमा योजनाबद्ध तरिकाले सम्बन्धन दिने निर्णय गरिने छ ।

- निश्चित मापदण्डभित्रको शैक्षिक स्तर सुनिश्चित भएका संस्थालाई राष्ट्रिय प्राथमिकता भित्रका विषयक्षेत्रमा मात्र कार्यक्रम सञ्चालन गर्ने गरी वैदेशिक सम्बन्धनको स्वीकृति दिइनेछ ।
- सामुदायिक, निजी र विदेशी उच्च शिक्षा संस्थाहरूलाई सम्बन्धन दिनुपूर्व सही तरिकाले नक्साङ्कन गरिने छ ।
- विश्वविद्यालयहरूले सामान्यतः आफ्नो तोकिएको क्षेत्र र स्थानमा मात्र नयाँ खुल्ने क्याम्पसहरूलाई सम्बन्धन दिन सक्ने व्यवस्था गरिने छ ।
- विश्वविद्यालयहरूले दिने सम्बन्धन कार्यमा समन्वय स्थापित गर्नका लागि विश्वविद्यालय अनुदान आयोगको प्रमुख भूमिका रहने गरी एउटा संयन्त्र बनाइने छ ।

## ३.४ उच्च शिक्षामा गुणस्तरको सुनिश्चितता

### ३.४.१ समस्या तथा चुनौतीहरू

- नयाँ नयाँ अवधारणा अनुसार अध्ययन तथा अनुसन्धान नै सिकाइ उपलब्धिका प्रमुख आधार हुन् । तर नेपालका अधिकांश उच्च शिक्षा संस्थाहरूमा अझै पनि पठनपाठन कार्य पाठ्यपुस्तकमा सीमित एवम् शिक्षकका व्याख्यान र नोटमा आधारित छन् । शिक्षकहरूको तालिम तथा प्रबोधीकरण (Orientation) को औपचारिक व्यवस्था हालसम्म पनि भएको छैन ।
- उच्च शिक्षा संस्था शिक्षक तथा विद्यार्थीका अनुसन्धान एवम् प्रवर्तनात्मक क्रियाकलापबाट ज्ञान उपार्जन गर्ने र त्यसको सान्दर्भिक प्रयोग गर्ने थलो हुनु पर्दछ । तर यस प्रकारको क्रियाकलापका लागि अधिकांश संस्थाहरूमा उपयुक्त शैक्षिक/प्राज्ञिक वातावरण, साधन, स्रोत एवम् बजेटको अभाव छ । यसै गरी शिक्षकलाई आवश्यक तालिम दिने र उनीहरूले महत्त्वपूर्ण अनुभव हासिल गर्ने व्यवस्था पनि छैन ।
- उच्च शैक्षिक संस्थाहरूमा शिक्षक बन्नका लागि आवश्यक तयारी विना नै भर्ना लगत्तै उनीहरूलाई कक्षा सञ्चालनको जिम्मा दिइन्छ । राष्ट्रिय स्तरमा शिक्षकको आधारभूत परीक्षण एवम् तयारीका लागि तालिमको व्यवस्था छैन । त्यस्तै शिक्षक सुपरिवेक्षण एवम् शिक्षण सहयोगको व्यवस्था पनि छैन ।

- सूचना र ज्ञान द्रुत गतिले बढिरहेको आजको विश्वमा परम्परागत पठनपाठन भन्दा सान्दर्भिक सूचना र ज्ञानको खोजी एवम् प्रयोगमा आधारित अध्ययन अध्यापन हुनु पर्दछ । तर यसका लागि युगानुकूल एवम् गतिशील पाठ्यक्रम र शैक्षिक कार्यक्रमहरूको निर्माण र सञ्चालन हालको अवस्थामा अधिकांश उच्च शिक्षा संस्थाहरूमा छैन ।
- हाल उच्च शिक्षाका अधिकांश परीक्षा प्रणाली एवम् व्यवस्थापन पाठ्यक्रमका उद्देश्य एवम् भावना अनुसार विद्यार्थीको शिक्षण उपलब्धिलाई सहयोग पुऱ्याउने खालका छैनन् । तिनले विद्यार्थीहरूको क्षमताको पूर्ण मूल्याङ्कन गर्न सकेका छैनन् । यसले गर्दा पठन पाठनमा अनेक विकृतिहरू समेत देखा परेका छन् ।
- गुणस्तर सुनिश्चितताका लागि उच्च शिक्षाको व्यवस्था आवश्यक मापदण्डमा आधारित छैन । गुणस्तर सुनिश्चितता एवम् प्रत्यायनको व्यवस्था हालै मात्र थालनी भएको छ ।
- उच्च शिक्षालाई चुस्त एवम् प्रतिस्पर्धात्मक बनाउन क्षेत्रीय एवम् अन्तर्राष्ट्रिय सहकार्य तथा पारस्परिक सहयोग आवश्यक छ । यसका लागि पाठ्यक्रम, शैक्षिक कार्यक्रम तथा उपाधिहरूको समकक्षता निर्धारणको उपयुक्त एवम् अद्यावधिक प्रणालीको व्यवस्था गर्न सकिएको छैन ।
- आजको सन्दर्भमा अन्तर विषयगत (Interdisciplinary) वा विषय/क्षेत्रगत रूपले मिश्रित (Multidisciplinary) शैक्षिक कार्यक्रम एवम् उपाधिहरूको सान्दर्भिकता बढ्दै गएको छ । तर नेपालमा क्रेडिट ट्रान्सफरको उपयुक्त व्यवस्था भइसकेको छैन र अन्तर विषयगत एवम् विषय/क्षेत्रगत मिश्रित कार्यक्रमहरू पनि प्रचलनमा छैनन् ।

### ३.४.२ समस्या समाधानका लागि नीतिगत प्रस्ताव

- अन्वेषणात्मक एवम् जिज्ञासामूलक शैक्षिक एवम् प्राज्ञिक संस्कृति (Culture of Inquiry) को प्रतिष्ठापन एवम् विकासलाई प्रोत्साहित गर्न शिक्षक तालिम/प्रबोधीकरण एवम् व्यावसायिक सहयोगको प्रणालीगत विकास गरिने छ । प्राध्यापकहरूको पेसागत क्षमता अभिवृद्धिका लागि तालिम, गोष्ठी, अनुसन्धान एवम् उच्च स्तरीय अध्ययनका लागि प्रोत्साहित गरिने छ ।
- शिक्षक तयार गर्ने, सुपरिवेक्षण गर्ने र उनीहरूको पेसागत क्षमता अभिवृद्धिका लागि सहयोग गर्ने प्रणालीको विकास गरिने छ । यसै गरी शिक्षक तालिम एवम् आधारभूत

योग्यता परीक्षण (Eligibility Test) का लागि राष्ट्रिय मूल्याङ्कन प्रणालीको थालनी गरिने छ ।

- उच्च शिक्षाका कार्यक्रम तथा पाठ्यक्रमलाई राष्ट्रिय आवश्यकता एवम् प्राथमिकतामा केन्द्रित तथा अनुसन्धानमूलक एवम् प्रवर्तनात्मक बनाउन प्रोत्साहित गरिने छ । उच्च शिक्षाका क्रियाकलापलाई राष्ट्रिय विकासका समसामयिक समस्या एवम् चुनौतीहरूको सामना गर्न आवश्यक ज्ञानको खोज एवम् त्यसको उपयोगमा आधारित बनाउनमा जोड दिइने छ ।
- उच्च शैक्षिक संस्थाहरूमा अनुसन्धान संस्कृतिको विकास गर्नमा जोड दिंदै अनुसन्धान एवं मौलिक र सिर्जनात्मक क्रियाकलापहरूलाई पाठ्यक्रमको आधार बनाई उच्च शिक्षाको गुणस्तर तथा सान्दर्भिकतामा सुधार ल्याउने रणनीति अबलम्बन गरिनेछ । अनुसन्धानमूलक कृति तथा प्रतिवेदनको प्रकाशन एवम् जर्नल प्रकाशनलाई प्रोत्साहित गरिने छ ।
- उच्च शिक्षाका अन्तर्राष्ट्रिय प्रवृत्ति एवम् राष्ट्रिय सान्दर्भिकता तथा प्राथमिकतालाई ध्यानमा राखी उच्च शिक्षाको राष्ट्रिय पाठ्यक्रमको फ्रेमवर्क तथा नियमित रूपमा पाठ्यक्रम परिमार्जनका लागि उपयुक्त व्यवस्था गरिने छ । पाठ्यक्रमको फ्रेमवर्क निर्माण एवम् परिमार्जन प्रक्रियामा सूचना तथा ज्ञानको व्यवस्थापन पक्षमा जोड दिइने छ ।
- अध्ययन-अध्यापनलाई प्रभावकारी एवम् प्रतिस्पर्धात्मक रूपले चुस्त बनाउन तथा उच्च सिकाइ उपलब्धिलाई सुनिश्चित गर्न अध्ययन उपलब्धिको प्रगति मूल्याङ्कन गर्ने, सिकाइ समस्याहरूको समाधानका लागि अन्वेषणात्मक परीक्षण गर्ने एवम् क्षमता प्रमाणित तथा सुनिश्चित गर्ने मापदण्डसहितको परीक्षा प्रणालीको विकास गरिने छ ।
- उच्च शिक्षाका निम्न अनुसारका पक्षहरू सुनिश्चित गर्ने मापदण्डहरू निर्धारण गरिने छन्:
    - शैक्षिक कार्यक्रम, पाठ्यक्रम एवम् शैक्षिक क्यालेन्डर,
    - कक्षाको आकार, विद्यार्थी भर्ना, विद्यार्थी आचारसंहिता एवम् नियमितता,
    - शिक्षक योग्यता, शिक्षक व्यवस्थापन एवम् शिक्षक आचारसंहिता,
    - भौतिक संरचना एवम् शैक्षिक वातावरण,
    - विद्यार्थी सुपरिवेक्षण एवम् सहयोग,
    - उच्च शिक्षा संस्थामा प्रशासनिक कर्मचारीको व्यवस्थापन एवम् आचार संहिता,
    - संस्थागत शासकीय एवम् व्यवस्थापकीय स्वरूप ।

- उच्च शिक्षा संस्थाहरूलाई गुणस्तर सुनिश्चितता एवम् प्रत्यायन प्रक्रियामा सहभागी भई प्रत्यायन (Accreditate) प्राप्त गर्न प्रोत्साहित गरिने छ । उच्च शिक्षा संस्थाहरूको विकास एवम् सुधार कार्यलाई QAA मा सहभागिता एवम् सफलता प्राप्तितर्फ उन्मुख गर्न प्रोत्साहित गरिने छ । QAA परीक्षण प्रणालीलाई आधारभूत आवश्यकतामा केन्द्रित गरी सुदृढ गरिने छ ।
- गुणस्तरको सुनिश्चितता एवम् प्रत्यायन व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि सम्बन्धित पेसागत परिषद्हरूसँग सहकार्य गरिने छ । यसका लागि उपयुक्त साझा रणनीति तय गरिने छ ।
- गुणस्तर सुधार एवम् प्रत्यायन (Quality Assurance and Accreditation) को समुचित व्यवस्था गरी कार्यान्वयनमा ल्याइने छ र यसका लागि एक स्वायत्त QAA परिषद्को स्थापना गरिने छ ।
- स्वदेशी एवम् विदेशी विश्वविद्यालयहरूका उपाधि, शैक्षिक कार्यक्रम तथा पाठ्यक्रमको समकक्षता एवम् तिनीहरूबिच क्रेडिट ट्रान्सफरका लागि उपयुक्त एवम् प्रभावकारी प्रणालीको विकास गरिने छ ।
- उच्च शिक्षा संस्थाहरूलाई अन्तर्राष्ट्रिय सम्बन्ध बढाउन तथा उच्च स्तरका विदेशी शैक्षिक संस्थासँग शैक्षिक एवम् प्राज्ञिक सहकार्य र सहयोग गर्न गराउन प्रोत्साहित गरिने छ ।

## ३.५ उच्च शिक्षामा लगानी तथा आर्थिक नियमन सम्बन्धी नीति

### ३.५.१ समस्या तथा चुनौतीहरू

- हाल नेपालमा उच्च शिक्षा संस्थाहरूको विकास र विस्तार संख्यात्मक रूपमा द्रुतगतिले भइरहेको छ तर अधिकांश संस्थाहरूको गुणस्तरको अवस्था समस्यामूलक एवम् चुनौती पूर्ण देखिन्छ जसको प्रमुख कारण उच्च शिक्षामा राष्ट्रिय बजेटको न्यून लगानी नै हो । विगत ५ वर्षदेखिको तथ्याङ्क हेर्दा उच्च शिक्षा संस्थाहरूको संख्या करिब १००% ले बढेको छ तर सरकारी लगानीको अंश भने एक दशक अघिदेखि उच्च शिक्षामा कुल बजेटको १.३ % अर्थात् समग्र शिक्षा क्षेत्रका लागि छुट्याइएको बजेटको करिब ८ % भन्दा माथि बढ्न सकेको छैन ।

- उच्च शिक्षा क्षेत्रमा अन्तर्राष्ट्रिय तहमा हुँदै आएको आधुनिकीकरण तथा प्रविधिको प्रयोगका तुलनामा हाम्रो सरकारले उच्च शिक्षाका लागि पर्याप्त मात्रामा वित्तीय साधन पुऱ्याउन नसकेका कारण विगत तीन दशकदेखि निजी क्षेत्रले उच्च शिक्षामा लगानी गर्न थालेको छ । तर निजी क्षेत्रका शिक्षा संस्थाहरूमा सेवाग्राही विद्यार्थी/अभिभावकहरूसँगै थप रकम असुल गर्ने परम्पराको थालनी भयो । यस सम्बन्धमा उचित आर्थिक मापदण्ड एवम् नियमनको व्यवस्था हुन सकेको छैन । परिणामतः मापदण्डविहीन चर्को शुल्कका कारण गरिब तर जेहेनदार र सक्षम विद्यार्थीहरूको निजी उच्च शिक्षा संस्थामा पहुँच हुन सकेन ।
- रोजगारमूलक, सान्दर्भिक एवं गुणस्तरीय शिक्षाको लागि देशबाट विभिन्न मुलुकका उच्च शिक्षा संस्थाहरूमा हरेक वर्ष दशौं हजारभन्दा बढी विद्यार्थीहरू पढ्न गइरहेका छन् । यस स्थितिमा मुलुकभित्र नै सान्दर्भिक एवं गुणस्तरीय शिक्षा दिन सरकारले बढीभन्दा बढी लगानी गर्नुपर्ने चुनौती रहेको छ ।
- एकातिर गत दश वर्षदेखि उच्च शिक्षामा सरकारी बजेट विनियोजन करिब १.३ % प्रतिशत मात्र भएको छ र सामुदायिक क्षेत्रबाट पनि यथोचित लगानी हुन नसक्ने स्थिति देखिएको छ भने अर्कोतर्फ बढ्दो विद्यार्थी भर्ना चापका कारण कमसल नै भए पनि नयाँ संस्था थप्ने, भएका संस्थाको आकार बढाउने, विभिन्न शैक्षिक कार्यक्रम थप्ने जस्ता कार्यहरू भइरहेका छन् । उता पुराना संरचनाहरू पनि आर्थिक अभावका कारण मर्मत संभार विहीन अवस्थामा नै सञ्चालनमा छन् । विश्वविद्यालयमा उत्तीर्णता प्रतिशत सारै कम रहनुमा यो अवस्था पनि जिम्मेवार छ । त्यसैले गुणात्मक शिक्षाका लागि लगानी बढाउँदै लैजानु जरुरी छ ।
- विश्वविद्यालय अनुदान आयोगमार्फत सामुदायिक क्याम्पसहरूलाई वितरण गर्नका लागि दिने अनुदानको रकम बढेको छ तर क्याम्पसहरूको सङ्ख्या द्रुत गतिले बढ्दै गएको सन्दर्भमा त्यसरी थप गरिएको बजेट पनि अपुग नै छ । नयाँ र खुल्ने क्रममा रहेका विश्वविद्यालयहरूको भौतिक संरचनाको विकास गर्न र खुलेका र हाल सञ्चालनमा रहेका पुराना विश्वविद्यालहरूमा पनि सुधार/पुनर्संरचना गर्नुपर्ने अवस्था हुँदा उच्च शिक्षामा सरकारी लगानी बढाउनु जरुरी छ ।
- मुलुकभित्र नै क्षेत्रीय र अन्तर्राष्ट्रिय स्तरको जनशक्ति उत्पादन गर्ने उच्च शिक्षा संस्थाहरू सञ्चालन गरेमा विदेशमा गई पढ्ने प्रवृत्ति कम हुने र स्वदेशमै गुणस्तरीय उच्च शिक्षा उपलब्ध हुने वातावरण बन्छ । यसबाट अन्तर्राष्ट्रिय रूपमा प्रतिस्पर्धा गर्न सक्ने जनशक्ति स्वदेशमै उत्पादन हुन्छ । तर यस प्रकारको संस्था खोल्न सरकारी लगानी अपेक्षित छ ।

- अधिकांश उच्च शिक्षा संस्थाहरूमा प्रभावकारी पठनपाठनका लागि आवश्यक भौतिक पूर्वाधार एवम् प्रविधिको समयानुकूल परिवर्तन र मर्मत सम्भारका लागि वित्तीय स्रोतको अभाव  छ। यसका लागि सरकारको लगानी अपेक्षित छ।
- उच्च शिक्षामा जनताको सहज पहुँचका लागि खुला विश्वविद्यालयको आवश्यकता छ तर त्यस्ता विश्वविद्यालयको स्थापना सरकारको पूर्ण लगानी विना सम्भव छैन ।
- उच्च शिक्षामा सार्वजनिक एवम् निजी लगानीलाई नियमन गर्ने प्रणालीगत व्यवस्था कमजोर छ ।
- उच्च शिक्षा संस्थाको स्थापना र विकास एवम् नयाँ कार्यक्रम सञ्चालनका लागि  नियमन गर्न उपयुक्त आर्थिक मापदण्ड नभएका कारण नयाँ एवम् गतिशील कार्यक्रमहरूको थालनी र तिनका लागि आवश्यक पूर्वाधारको विकास हुन सकिरहेको  छैन ।

**३.५.२ वित्तीय स्रोतका कारण उच्च शिक्षा संस्थामा देखिएका समस्याहरू**

देशमा सञ्चालित उच्च शिक्षा संस्थाहरू वित्तीय व्यवस्था अनुसार तीन किसिमका छन् : (क) सरकारी अनुदानमा सञ्चालित, (ख) सरकारी अनुदान र गैर सरकारी क्षेत्रको सहयोगमा सञ्चालित र (ग) गैर सरकारी स्रोतबाट सञ्चालित । यी शैक्षिक संस्थाहरूमा देखिएका मुख्य आर्थिक समस्याहरू निम्नानुसार छन् :

**क. सरकारी अनुदानमा सञ्चालित शैक्षिक संस्थाहरूका समस्या**

- तलब भत्तामा अधिकांश अनुदान छुट्ट्याइनु,
- शैक्षिक अभिवृद्धि तथा शिक्षक विकास कार्यक्रमका लागि ज्यादै न्यून बजेटको व्यवस्था हुनु,
- लागत आपूरण नगण्य मात्रामा रहनु,
- विद्यार्थी अति न्यून भएका विषय र कार्यक्रमहरू पनि विश्वविद्यालयले सञ्चालन गर्नुपर्ने बाध्यताले गर्दा खर्च बढ्नु,
- व्यवस्थापनमा प्रभावकारिता नहुनु तथा स्रोत परिचालन एवम् दिगोपनको विकास चुनौतीपूर्ण हुनु,
- उच्च शिक्षामा अनुसन्धानका क्रियाकलापहरूको कमी हुनु र भए गरेका अनुसन्धानलाई अध्ययन-अध्यापनमा जोड्न नसक्नु,
- वित्तीय स्वायत्तता तथा पारदर्शिताको कमी हुनु,

- वित्तीय स्रोत परिचालनका लागि क्याम्पस र केन्द्रीय तहमा पर्याप्त ध्यान नपुग्नु,
- नव स्थापित विश्वविद्यालयहरूको लगानीको ढाँचा र वित्तीय योजना तथा कार्यक्रम स्पष्ट नहुनु ।

**ख. सरकारी अनुदान र गैर सरकारी क्षेत्रको सहयोगमा सञ्चालित उच्च शिक्षा संस्थाहरूका समस्या**

- शिक्षण शुल्क न्यून आय भएका परिवारका विद्यार्थीको पहुँचभन्दा माथि हुनु,
- आङ्गिक क्याम्पसहरूको विस्तार र विकासमा भन्दा पनि विश्वविद्यालयहरू प्रायः सम्बन्धन दिने कार्यतिर उन्मुख हुनु,
- क्षेत्रीय विश्वविद्यालयको अवधारणा स्थापित भए तापनि तिनले क्षेत्रीय रूपमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्न नसक्नु,
- सम्बन्धनलाई नै आम्दानीको मुख्य स्रोतका रूपमा लिनु,
- नयाँ सामुदायिक क्याम्पस खोल्ने बारे स्थान एवम् लगानीबारे स्पष्ट आधार/मापदण्ड नहुनु,
- निजी क्षेत्रको सहभागिताको स्पष्ट ढाँचा नहुनु ।

**ग. गैर सरकारी स्रोतबाट सञ्चालित शैक्षिक संस्थाहरूका समस्या**

- उच्च शिक्षण शुल्कको प्रावधानका कारण त्यस्तो शुल्क तिर्न सक्ने क्षमता भएका विद्यार्थीको मात्र पहुँच हुनु,
- विद्यार्थी उत्तीर्णता प्रतिशत राम्रो देखिएको हुँदा बढी शुल्क तिरी विद्यार्थीहरू पढ्न इच्छुक हुनु,
- चिकित्सा, इन्जिनियरिङ्ग, व्यवस्थापन जस्ता बजार उन्मुख विषयहरूलाई मात्र बढी जोड दिइनु,
- निजी उच्च शिक्षा संस्थाहरूको स्थापना एवम् सञ्चालनका सम्बन्धमा स्पष्ट क्राइटेरिया/मापदण्ड नहुनु ,
- आर्थिक व्यवस्थापन सम्बन्धी पारदर्शिता एवम् जवाफदेहितामा कमी हुनु,
- उपयुक्त आर्थिक नियमन तथा अनुगमनको व्यवस्था नहुनु ।

### ३.५.३ समस्या समाधानका लागि नीतिगत प्रस्ताव

- उच्च शिक्षाको विकास र विस्तारका लागि निजी तथा सार्वजनिक साझेदारी कार्यलाई प्रोत्साहित गरिने छ । यस सन्दर्भमा सरकारले निम्न अनुसारका कार्यमा आफ्नो संलग्नता र सहयोग पुऱ्याउने छ :

  क) सामुदायिक तथा निजी क्षेत्रलाई राष्ट्रिय प्राथमिकता एवम् संस्थागत विकास ग्रिडका आधारमा उच्च शिक्षा संस्थाहरू खोल्न तथा विकास गर्न प्रोत्साहित गरिने छ ।

  ख) विदेशी शैक्षिक संस्थाहरू वा तिनबाट सम्बन्धन प्राप्त संस्थाहरू वा सहकार्य वा सहयोगमा प्रचलित राष्ट्रिय नीति एवम् SAARC तथा WTO सम्झौताका आधारमा शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्न सकिने छ । यस प्रकारको सञ्चालन स्वीकृति तोकिएको क्षेत्र र तोकिएको विषयमा राष्ट्रिय नीति नियमसम्बद्ध हुने गरी दिइने छ ।

- राष्ट्रिय प्राथमिकता र गुणस्तरका आधारमा उच्च शिक्षामा सरकारको लगानी तथा अनुदान निश्चित गरिने छ । यसका लागि कार्यसम्पादन अनुदान तथा सूत्रमा आधारित अनुदान व्यवस्थामा जोड दिई निश्चित मान्यता र मापदण्ड तथा प्रक्रियाका आधारमा व्यवस्थापन एवम् नियमन गरिने छ ।

- राज्यको आर्थिक स्रोत-साधन तथा सम्पदाहरूको अधिकतम उपयोग गरी राष्ट्रलाई समृद्ध तुल्याउन उच्च शिक्षालाई अनुसन्धानमा आधारित बनाइने छ । विदेशी मुद्रा आर्जन गर्न सक्ने क्षेत्र जस्तै जलविद्युत्, पर्वतारोहण, पर्यटन, जडिबुटी, आयुर्वेद क्षेत्रको अध्ययन अनुसन्धानमा राज्यले लगानी गर्ने छ ।

- आर्थिक रूपमा पिछडिएका प्रतिभावान् तथा सीमान्तकृत, दलित, अपाङ्ग, लोपोन्मुख जाति, जनजाति, महिला विद्यार्थीका लागि उच्च शिक्षामा सहज पहुँचको अवसर सृजना गर्न राज्यले आवश्यक लगानी गर्ने छ र त्यसका लागि निम्नानुसारका कार्यक्रमहरू सञ्चालन गर्ने छ:

  (क) छात्रवृत्ति

  (ख) सहुलियत ऋण

  (ग) स्व-आर्जनद्वारा अध्ययन गर्ने प्रावधान

- आर्थिक पछौटेपनलाई निवारण गर्न तथा बेरोजगारी समस्याको समाधान गर्न मूलतः प्राविधिक तथा व्यावसायिक उच्च शिक्षा जस्तैः चिकित्सा, इन्जिनियरिङ्ग, सूचना-प्रविधि, वन, कृषि आदिलाई प्राथमिकता दिई ती क्षेत्रहरूमा राज्यले लगानी गर्ने छ ।

### ३.५.४ प्रस्तावित कार्यनीति

- विश्वविद्यालयका भौतिक संरचना तथा प्रविधि र मानवीय संसाधनको विकासका लागि हाल उच्च शिक्षामा दिइएको बजेटको प्रतिशतमा वृद्धि गरी आगामी चार वर्षभित्र १० प्रतिशत पुऱ्याइने छ । पहिलो वर्ष उच्च शिक्षा बजेटमा १ प्रतिशत वृद्धि गरी ९ % र अरू दुई वर्ष सम्म सो प्रतिशतलाई कायमै राखी चौथो वर्ष पुनः १ % वृद्धि गरेर १० % पुऱ्याइने छ ।
- निजी क्षेत्रमा सञ्चालित वा नयाँ खोलिने उच्च शिक्षा संस्थाहरूलाई तिनीहरूले दिने सेवा, भौतिक सुविधा र कार्यक्रमका आधारमा तीन श्रेणीमा वर्गीकरण गर्न तथा शैक्षिक शुल्कमा समानता ल्याउन विश्वविद्यालय अनुदान आयोगले समिति गठन गरी अध्ययन गर्ने छ ।
- सार्वजनिक, निजी, साझेदारी (Public-Private Partnership) लाई प्रभावकारी रूपमा व्यवहारमा लागू गर्न निजी स्तरमा सञ्चालित उच्च शिक्षा संस्थाहरूलाई पारदर्शिता, निरन्तरता, वित्तीय साधन परिचालन र गुणस्तरीय व्यवस्थापन, छात्रवृत्ति लगायतका सर्तहरूका आधारमा सरकारले सहयोग गर्ने छ ।
- उच्च शिक्षाको विकास र विस्तारका लागि विश्वविद्यालय अनुदान आयोगको वर्तमान संरचना अपुग हुने देखिन्छ । तसर्थ विश्वविद्यालय अनुदान आयोगको संरचना र व्यवस्थापनलाई अझै बढी सशक्त र बलियो बनाई अनुसन्धानात्मक कार्यहरू, सामुदायिक क्याम्पसहरूलाई सुधार अनुदान दिने कार्यहरू, उच्च शिक्षामा छात्रवृत्ति/विद्वत्वृत्ति, उच्च शिक्षा संस्थाहरू तथा कार्यक्रमहरूको गुणस्तर सुनिश्चितता तथा प्रत्यायन सम्बन्धी कार्य तथा उच्च शिक्षा संस्थाहरूको अनुगमन र मूल्याङ्कन गर्ने कार्य, पाठ्यक्रमको समकक्षता, उपाधिहरूको पारस्परिक मान्यता तथा क्रेडिट ट्रान्सफर प्रणालीको स्थापना एवम् संस्थागत विकास गर्ने कार्यलाई अझै बढी प्रभावकारी रूपले सञ्चालन गर्न बजेटको व्यवस्था गरिने छ ।
- सरकारले उच्च शिक्षामा दिने अनुदान रकमलाई उत्पादनमुखी बनाउन हाल भइरहेका संरचना र शिक्षकहरूलाई अधिकतम उपयोग गर्न विश्वविद्यालय अनुदान आयोगले एउटा कार्यदल गठन गरी अध्ययन गराउने छ र सो अनुसार कार्यक्रम लागू गरिनेछ ।
- नेपालबाट बाहिर अध्ययन गर्न जाने वा नेपालभित्र नै विदेशी विश्वविद्यालयका कार्यक्रमहरू सञ्चालन गर्ने क्रमलाई घटाई स्वदेशी पुँजी विदेसिने क्रमलाई कम गर्न राष्ट्रिय आवश्यकता अनुसार सार्वजनिक, सहकारी र निजी स्रोत र साधनको प्रयोग गरी कृषि,

पर्वतारोहण, पर्यटन, जलविद्युत्, सार्वजनिक सुरक्षा शिक्षा, स्वास्थ्य शिक्षा जस्ता नेपालका लागि अत्यावश्यक शिक्षा दिने विभिन्न प्रकारका प्रतिस्पर्धात्मक क्षमताका उच्च शिक्षा संस्थाको स्थापनार्थ आवश्यक पहल गरिने छ ।

- विदेशी शैक्षिक संस्थाहरूसँग साझेदारी, सहकार्य र विद्यार्थी तथा प्राध्यापकहरूको आदान-प्रदान जस्ता कार्यक्रमहरू सञ्चालन गर्न विश्वविद्यालय अनुदान आयोगमा आवश्यकता अनुसारको संरचना निर्माण गरी त्यसका लागि चाहिने बजेटको व्यवस्था गरिने छ ।
- खुला विश्वविद्यालय एवम् दूर शिक्षा कार्यक्रमहरूको स्थापना र सञ्चालन गर्न सरकारी लगानीको व्यवस्था गर्नुका साथै वैदेशिक सहयोग प्राप्तिको वातावरण निर्माण एवम् त्यसको खोजी गरिने छ ।
- उच्च शिक्षा संस्थाहरूको शैक्षिक, अनुसन्धानात्मक, व्यवस्थापकीय लगायत सबै क्षेत्रको मूल्याङ्कनका लागि निश्चित सूचकाङ्कहरू तय गरी उत्कृष्ट नतिजा ल्याउन सफल शिक्षा संस्थाहरूलाई कार्यसम्पादन एवम् सत्र तथा सूत्रमा आधारित अनुदान दिने व्यवस्थालाई प्रभावकारी बनाइने छ ।

# चार

# उच्च शिक्षा नीतिको तर्जुमा एवम् कार्यान्वयनका लागि प्रस्तावित संस्थागत संरचना

- उच्च शिक्षाको प्रवर्द्धन र विकासका राष्ट्रिय मुद्दाहरू र प्राथमिकताहरूलाई सान्दर्भिक र प्रभावकारी तुल्याउन शिक्षा मन्त्रालय अन्तर्गत उच्च शिक्षा हेर्ने एक उच्च स्तरीय निकायको स्थापना गरिने छ ।
- विश्वविद्यालय अनुदान आयोगको क्षमता अभिवृद्धिका साथै यसलाई सुदृढ बनाई उच्च शिक्षा आयोगमा परिणत गरी यसलाई उच्च शिक्षाको विकास, समन्वय, अनुगमन र सहयोगीको भूमिका तथा जिम्मेवारी दिइने छ । क्षमता अभिवृद्धि एवम् सुदृढीकरण अन्तर्गत निम्नानुसारका कार्यहरू गरिने छन् ।
    - देशको समग्र उच्च शिक्षा विकासका योजना बनाउन, कार्यान्वयन तथा अनुगमन गर्न, विश्वविद्यालय लगायत शैक्षिक संस्थाहरूको विस्तार तथा सम्बन्धनलाई नियमन गर्न राष्ट्रिय उच्च शिक्षा बोर्डको गठन गरिने छ ।
    - उच्च शिक्षाको समग्र आर्थिक नीति निर्धारण एवम् व्यवस्थापन गर्न, उच्च शिक्षामा सरकारी आर्थिक सहयोग/लगानी तथा सामुदायिक र निजी लगानी एवम् आर्थिक व्यवस्थापन समेतको नियमन/अनुगमन गर्नका लागि उच्च शिक्षा वित्तीय व्यवस्थापन बोर्डको गठन गरिने छ ।
    - विद्यार्थी वित्तीय सहायता कोष विकास बोर्डलाई सदृढ गरिने छ ।
    - सबै उच्च शिक्षा संस्थाको पारस्परिक नियमन एवम् अनुगमनका लागि विश्वविद्यालय समन्वय समितिलाई सुदृढ बनाइने छ ।
    - पाठ्यक्रमको समकक्षता निर्धारण, उपाधिहरूको परस्पर मान्यता एवम् क्रेडिट स्थानान्तरण (Course equivalence, mutual recognition of degrees and credit transfer) को संस्थागत व्यवस्थापनका लागि एउटा छुट्टै राष्ट्रिय बोर्डको स्थापना गरिने छ ।
- **उच्च शिक्षा आयोगले समन्वय गर्ने गरी**
    - गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रणालीको प्रवर्द्धन र कार्यान्वयनका लागि एक स्वायत्त राष्ट्रिय प्रत्यायन बोर्ड (Quality Assurance and Accreditation Board) गठन गरिने छ ।
    - राष्ट्रिय मुद्दा, प्राथमिकता एवम् स्रोतहरूलाई उच्च शिक्षाका अनुसन्धानात्मक एवम् नवप्रवर्तनात्मक क्रियाकलापहरूसँग आबद्ध गर्न एक उच्च शिक्षा अनुसन्धान परिषद्को स्थापना गरिने छ । परिषद्ले अनुसन्धानका राष्ट्रिय आवश्यकताका साथै आर्थिक तथा मानव स्रोतसँग विश्वविद्यालयहरूलाई आबद्ध गर्ने छ ।

- पारदर्शी एवम् प्रतिस्पर्धाका आधारमा शिक्षक भर्ना, शिक्षक आचार संहिताको पालना, सेवा व्यवस्थापनको अवस्था एवम् नियमित व्यावसायिक क्षमता अभिवृद्धि सम्बन्धी विकास एवम् नियमन गर्नका लागि एक राष्ट्रिय उच्च शिक्षा सेवा आयोगको स्थापना गरिने छ ।
- देशको विकासका आवश्यकता एवम् आर्थिक उत्पादन (GDP) का आधारमा राष्ट्रिय उच्च शिक्षा बजेटको योजना बनाउने तथा वित्तीय व्यवस्था मिलाउने प्रणालीको विकास गरिने छ । उच्च शिक्षामा वित्तीय नीति निर्देशन एवम् कार्यान्वयन सम्बन्धी निर्णय गर्नका लागि UGC, MOE तथा MOF सम्मिलित वित्तीय प्रणालीको संरचनागत विकास गरिने छ ।

# पाँच

## उच्च शिक्षा नीतिको कार्यान्वयका आधारहरू

१) उच्च शिक्षा नीतिको फ्रेमवर्क

२) उच्च शिक्षा ऐन तथा नियम

३) विश्वविद्यालयका ऐनहरू

४) उच्च शिक्षा संस्थाहरूको स्वायत्तता तथा विकेन्द्रीकरण नियमावली

५) गुणस्तर सुनिश्चितता तथा प्रत्यायन ऐन तथा कार्यान्वयन निर्देशिका

६) उच्च शिक्षा अनुसन्धान नीति एवम् कार्यान्वयन निर्देशिका

७) विद्यार्थी वित्तीय सहायता कोष विकास ऐन तथा कार्यान्वयन निर्देशिका

८) कार्यसम्पादन, अनुदान व्यवस्थापन एवम् सूत्रमा आधारित अनुदान व्यवस्थापन निर्देशिका

९) उच्च शिक्षा व्यवस्थापन सूचना प्रणाली (HEMIS)

१०) खरिद ऐन तथा नियमावली

११) पाठ्यक्रमहरूको समकक्षता, उपाधिहरूको पारस्परिक मान्यता तथा क्रेडिट ट्रान्सफर सम्बन्धी राष्ट्रिय फ्रेमवर्क

१२) राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय उच्च शिक्षा संस्थाहरू एवम् कार्यक्रमहरूको सम्बन्धन विषयक नियमावली एवम् निर्देशिका ।

# छ

# कार्यक्रमिक रणनीति

उच्च शिक्षा नीतिको कार्यान्वयनका लागि संस्थागत/संरचनागत व्यवस्था एवम् सुधार कार्य तथा प्रणालीगत क्षमता अभिवृद्धि लगायतका निम्नानुसारका कार्यहरूलाई अघि बढाइने छ :

### ६.१ लघु योजना तथा कार्यक्रम

- नीति अनुमोदन कार्य
- ऐन तथा नियमको तयारी एवम् अनुमोदन कार्य
- उल्लिखित बोर्डहरू, समितिहरू एवम् संरचनाहरूको स्थापना कार्य
- आवश्यक पूर्वाधार एवम् कार्यालयहरूको स्थापना
- पदसृजना/पदपूर्ति एवम् कर्मचारी क्षमता विकास
- मानव संसाधनको परिचालन एवम् व्यवस्थापन

उल्लिखित कार्यहरू १ देखि २ वर्षभित्र पूरा गर्ने गरी छोटो अवधि (१-२ वर्ष) को योजना बनाई सो अनुसार कार्यक्रम तयार गरी कार्यान्वयनमा ल्याइने छ।

### ६.२ मध्यम योजना तथा कार्यक्रम

- उच्च शिक्षा नीतिको फ्रेमवर्कलाई संस्थागत रूपमा कार्यान्वयन गर्न निम्न बुँदाहरूमा आधारित राष्ट्रिय योजना तथा कार्यक्रमहरू तर्जुमा गरी लागू गरिने छ :
    - ➢ प्रतिफलमा आधारित योजना तथा कार्यक्रमहरूको विकास,
    - ➢ आन्तरिक (स्वयं सञ्चालित) अनुगमन तथा बाह्य (तेस्रो पक्षबाट सञ्चालित) अनुगमन र फिडब्याक प्रणाली,
    - ➢ निजी-सार्वजनिक साझेदारी (PPP) मा आधारित स्रोत परिचालन,
    - ➢ खास गरी विश्वविद्यालय अनुदान आयोग, शिक्षा मन्त्रालय, अर्थ मन्त्रालय एवम् सरोकारका अन्य मन्त्रालयहरू (स्वास्थ्य, कृषि, स्थानीय विकास, विज्ञान प्रविधि, वातावरण, जलस्रोत तथा जलविद्युत्) का साथै राष्ट्रिय योजना आयोग, विश्वविद्यालयहरू, व्यावसायिक परिषद्हरू, उद्योग वाणिज्य संघ, दाता एवम् विकासका साझेदारहरूबिच सहकार्य।
- प्रणालीगत क्षमता अभिवृद्धिका साथै सरोकारवाला संस्था तथा व्यक्तिहरूको क्षमता अभिवृद्धि
- उच्च शिक्षा संस्थाहरूका साथै शैक्षिक कार्यक्रमहरूको विकास एवम् सुधारको आवश्यकता

- QAA मा सहभागिता एवं कार्य सम्पन्न गर्न, नयाँ शैक्षिक कार्यक्रमहरूको विकास गर्न तथा EMIS मा आधारित उच्च शैक्षिक संस्थाहरूको व्यवस्थापनमा सुधार गर्न संस्थागत सहयोगको निरन्तर आवश्यकता
- अनुसन्धानका लागि आर्थिक एवम् प्राविधिक सहयोग तथा व्यावसायिक विकासका लागि कार्यक्रम सञ्चालन

उपर्युक्त उल्लिखित कार्यक्रमहरूलाई ३ देखि ५ वर्षभित्र व्यवस्थित कार्यान्वयनमा ल्याउनका लागि मध्यम स्तरीय (३-५ वर्षको) कार्यक्रम बनाइने छ । यसका लागि प्रणालीगत क्षमता अभिवृद्धिमा जोड दिई परियोजना लागू गरिने छ र यसका लागि अन्तर्राष्ट्रिय दाता तथा विकासका साझेदारहरूको सहयोग परिचालन गरिने छ ।

### ६.३ दूरगामी सोच तथा योजना

देशको भौगोलिक अवस्था, प्राकृतिक परिवेश, आर्थिक स्रोत एवम् सामाजिक, राजनैतिक परिवेशका लागि उपयुक्त हुने क्षेत्रहरूलाई ध्यानमा राखी दूरगामी सोच तथा योजनासहित समग्र राष्ट्रलाई उच्च शिक्षा एवम् अनुसन्धानको अन्तर्राष्ट्रिय थलोका रूपमा रूपान्तरण गर्ने उद्देश्यले उच्च स्तरीय प्रतिस्पर्धात्मक उच्च शिक्षा संस्थाहरूको स्थापनाका लागि राष्ट्रिय कार्यक्रमहरूको विकास गरिने छ । यस प्रकार विकास गर्न सकिने केही प्रमुख क्षेत्रहरू निम्नानुसार छन् :

- पर्यटन एवम् पर्वतारोहण
- भौगोलिक उष्णता (ग्लोबल वार्मिङ्ग) एवम् जलवायु परिवर्तन
- जैविक विविधताको संरक्षण एवम् दिगो उपयोग
- जलस्रोत एवम् जलविद्युत्
- पर्यावरणीय सन्तुलन एवम् प्राकृतिक वातावरण (जङ्गल, पशुपक्षी, कीटपतङ्ग लगायतका जीवजन्तु) को संरक्षण
- प्राकृतिक प्रकोप व्यवस्थापन
- सांस्कृतिक सम्पदा, स्थानीय परम्परागत ज्ञान, सीप एवम् प्रविधि

उपर्युक्त विभिन्न विषय/क्षेत्रका उच्च शिक्षा संस्थाहरूको सम्भाव्यता अध्ययन, योजना एवम् कार्यक्रमहरूको कार्यान्वयन गरी राष्ट्रलाई अन्तर्राष्ट्रिय उच्च शिक्षा एवम् अनुसन्धानको थलोका रूपमा विकसित गर्न दूरगामी (१० देखि २० वर्ष) योजना एवम् रणनीति तयार गरिने छ । यसका लागि सम्बन्धित क्षेत्रमा प्रतिष्ठित उच्च शिक्षा संस्थाहरूसँगको पारस्परिक संलग्नताका आधारमा सहकार्य गर्नाका साथै अन्तर्राष्ट्रिय दाता तथा विकासका साझेदारहरूको सहयोग परिचालन गरिने छ ।

# सात

# सन्दर्भ सामग्री


Asian Development Bank (2009). *Good Practice in Cost Sharing and Financing in Higher Education.* Manila.

Amatya, S.L. (2069). *T.U. Bulletin Special*, Tribhuvan University,pp.56-59

Bajracharya, H. R. (2004). Higher Education in Nepal: The Issues and Challenges. *Tribhuvan University Special Bulletin 2061BS*. Kathmandu: Tribhuvan University.

---------- (2009). Autonomy of Higher Education Institutions in Nepal: Prospects and Challenges. In *Shiksha, Department of Education Annual Publication.* Sanothimi, Bhaktapur: Government of Nepal, Ministry of Education—Department of Education.

Beer, S. (1979). *The Heart of Enterprise.* London and New York: John Wiley.

--------- (1985). *Diagnosing the System for Organizations*. London and New York: John Wiley.

Boon, G. C. and Gopinathan, S. (2006). "*The Development of Education in Singapore since 1965*." Background presentation for the Policy Seminar for Senior African Educational Policy Makers organized by the World Bank on 19–23 June, 2006 in Singapore.

CERID (Research Centre for Educational Innovation and Development) (1998). *Trends, Issues and Policies of Education in Nepal.* Kathmandu.

--------- (2000). *A Study on Cost Recovery and Resource Mobilisation in Tribhuvan University.* Kathmandu.

--------- (2002). *Roundtable on higher education proceedings*, 20–21 May, 2002. Kathmandu.

Craig, J. and Gunn, A. (2011). Higher skills and the knowledge economy: the challenge of offshoring in *Higher Education Management and Policy, Vol 2. No.3. Pp107-123. OECD 2010.* http://www.oecd.org/edu/imhe/50314089.pdf (Download on Sept. 23, 2012)

Crebert, G. et al. (2004). Ivory tower to concrete jungle revisited. In *Journal of Education and Work.* Vol. 17, No 1. Tailor and Francis Group: Carfax Publishing.

Eurydice, European Unit. *Higher Education Governance in Europe: Policies, structures, funding and academic staff*. The Author: Brussels. http://www.eurydice.org (Down loaded on September 15, 2013)

Government of Nepal, Ministry of Education (2008). *Nepal Education in Figures.* Kathmandu.

--------- (2009). *School Sector Reform Program.* Kathmandu.

--------- (2012). *Shaichhik Suchana BS 2069* (Educational Information [in Nepali language]). Kathmandu.

Government of Nepal, Ministry of Finance (2012). *Economic Survey, Fiscal Year 2011/2012*. Volumes 1 and 2. Kathmandu.

Government of Nepal, Ministry of Health and Population, New Era, and Macro International Inc. (2012). *Nepal Demographic and Health Survey 2012.* Kathmandu.

Government of Nepal, Ministry of Labour (2008). *Nepal Labour Force Survey, 2008.* Kathmandu.

Government of Nepal, National Planning Commission. 1992. *Eighth National Development Plan.* Kathmandu.

---------- (1997). *Ninth National Development Plan (1997–2002)*. Kathmandu.

--------- (2002a). *Poverty Reduction Strategic Plan: The 10th National Development Plan 2002–2007.* Kathmandu.

---------- (2004). *Interim Development Plan—Approach Paper, 2004–2007.* Kathmandu.

---------- (2007). *Interim Development Plan 2007–2010.* Kathmandu.

---------- (2010). *Three Year Plan Approach Paper (2010/11–2012/13).* Kathmandu.

Government of Nepal, Tribhuvan University, United Nations Development Programme, and the World Bank (1995). *Tertiary Education in Nepal: An Assessment.* Kathmandu.

Gurung, H. (2005). *Nepal Regional Development Strategy.* NRM Working Paper No.3. Manila: Asian Development Bank.

---------- (2007). From Exclusion to Inclusion. In *From Exclusion to Inclusion: Socio-Political Agenda for Nepal*. Kathmandu: Social Inclusion Research Fund.

High Level National Education Commission (1998). *High level national education commission report 1998*. Kathmandu.

Higher Education Commission (2042). *Higher education commission report 2038 (1982).* Kathmandu.

Lee, C. J. (2006). "The Development of Education in Korea: Approaches, Achievement and Current Challenges." *Background presentation for the Policy Seminar for Senior African Educational Policy Makers.* World Bank on 19–23 June, 2006 in Singapore.

Machin S and Vignoles A. (2006). Education Policy in the UK. *Centre for the Economics of Education*, London School of Economics: London.

National Education Commission (NEC) (2009). *National Policy Framework on Higher Education and Technical and Vocational Education*. The Author: Colombo, Sri Lanka.

Nepal, Central Bureau of Statistics, National Planning Commission (2011). *Nepal Living Standards Survey, 2010/2011*. Kathmandu.

Nepal, Central Bureau of Statistics, National Planning Commission (2012). *National Population and Housing Census 2011*. Kathmandu.

Nepal National Education Planning Commission (1956). *Education in Nepal*. Kathmandu.

Nepal Professional Union of Teacher Associations (2011a). *Gantabya* (Commission Reports Special, Collection of the Commission Reports [in Nepali language]). Kathmandu.

Prisco, A., Hurley, A.D., Carton T.C., and Richardson, R. (2002). *Federal Policies and Higher Education in the United States*. The Alliance for International Higher Education Policy Studies: NY.

Royal Higher Education Commission (1984). *Royal Higher Education Commission Report—BS 2040 (1984)*. Kathmandu.

Salmi, J. (2008). *The Challenges of Establishing World-Class Universities*. http://portal.unesco.org/pv_obj_cache/pv_obj_id_70765BABC9E57DBC2FEBD57A618

77024A7ED0200/filename/Salmi.pdf

Shrestha, P.M., 2012, *Nepal's Commitment on GATS and Educational Service*

Steier, J. (2004). Taking critical stance toward internationalization ideologies in higher education: idealism, instrumentalism and educationalism. In *Globalization, Societies and Education.* Volume 2, No.1. March. Tailor and Francis Group: Carfax Publishing

Tilak, J.B.G. (2008). Transition from higher education as a public good to higher education as a private good: the saga of Indian experience. In *Journal of Asian Public Policy.* Volume 1, No. 2, 8 July. pp. 220–234. Routledge.

---------- (2011). Financing of Higher Education. Paper presented at the National Conference on Higher Education Policy in Nepal, 10–11 February 2011, Kathmandu.

Tribhuvan University (2000a). *Tribhuvan university: 20 years vision plan 2000–2020.* Unpublished document.

--------- (2000b). *Tribhuvan university: An assessment of tertiary education project.* Kathmandu.

--------- (2000c). *TU Decentralization Regulation 2055.* Kathmandu.

--------- (2011). *TU Autonomous Institution and Campus Rule 2062* (in Nepali language); amendment 2068. Kathmandu.

Türke, Ralf-Eckhard (2008). *Governance—Systemic Foundation and Framework.* (Contributions to Management Science, Physica of Springer, September 2008). www.springer.com/business/book/978-3-7908-2079-9

University Grants Commission (UGC) (2009a). *Education Management Information System Report on Higher Education 2011; 2012.* Sanothimi, Bhaktapur.

---------- (2009b). *University Grants Commission Annual Report 2009/2010.* Sanothimi, Bhaktapur.

UGC, India (2003). *Higher Education in India: Issues, Concerns and New Directions*. The Author: New Delhi, 2003.

United Nations Development Programme (2010). *Human Development Report 2010.* New York.

Varghese, N.V. (2011). *The Government and Governance of Higher Education: Issues for Discussion in the Contexts of Reforms in Nepal.* Paper presented at the National Conference on Higher Education Policy in Nepal, 10–11 February 2011, Kathmandu.

World Bank (2001). *Nepal Priorities and Strategies for Education Reform.* Washington, DC.

--------- (2002). *Constructing Knowledge Societies.* Washington, DC.

--------- (2007). *Project Appraisal Document (PAD) to Nepal for a Second Higher Education Project.* Official document. Washington, DC.

World Trade Organization (1998). *Education Services: Council of Trade in Services.* Geneva.

*Seminar papers, discussion documents and generic web downloads*

China Education Center. *Project 211 and 295*. http://www.chinaeducenter.com

Higher education policy - Wikipedia, the free encyclopedia. en.wikipedia.org/wiki/Higher_education_policy (Down loaded on Sept. 23, 2012)

Koirala, B.N. (2069). *Nepal ko shikchhya niti, 2069*. Unpublished discussion paper.

Khaniya, T. R. "The need for a higher education policy in Nepal" www.unesco.org/.../the_need_for_a_higher_education_policy_in_nepal.. (Down loaded on Sept. 23, 2012)

MOE/UGC, (2011). *Proceedings of the National Conference on Higher Education Policy in Nepal*, 10–11 February 2011, Kathmandu. (Unpublished documents).

National Human Resource Development Centre (NCED) BS2070. *Shikchhya Chhetraka Nitigat Sawaalharuma Uccha Staria Seminar 2070*. Collection of Seminar Papers. Unpublished Drafts.

National-policies-for-education-higher-education-in-the-dominican-republic-(2012). www.keepeek.com/Digital-Asset-Management/oecd/education/reviews-of-national-policies-for-education-higher-education-in-the-dominican-republic-2012_9789264177055-en (Down loaded on August15, 2013)

National University of Educational Planning and Administration and United Nations Educational, Scientific and Cultural Organization (UNESCO) (2009). *Facing global and local challenges: The new dynamics for higher education.* A document of the Sub-regional Conference of South, South-West and Central Asia on Higher Education. New Delhi.

Sirat, M. B. (2009). *Strategic planning directions of Malaysia's higher education: university autonomy in the midst of political uncertainties*. Springer Science+Business Media B.V. 2009, Universiti Sains Malaysia: Penang, Malaysia.



http://www.ugcnepal.edu.np/notices/proposed-national-hi